# लेखापरीक्षण प्रतिवेदन

# ढोरपाटन नगरपालिका, बागलुङ

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# ढोरपाटन नगरपालिका, बागलुङ

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/377

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
ढोरपाटन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
बुर्तिबाङ्ग, बागलुङ ।

हामीले यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्रासी र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू १३ करोड ११ लाख ४२ हजार र गरिबसँग विशेश्वर कार्यक्रमको रू ३ लाख ३९ हजार समेत रु.१३ करोड १४ लाख ८१ हजार समावेश गरेको छैन।

२. नगरपालिकाकोरु. १ अर्ब २२ करोड ८२ लाख ८४ हजारको लेखापरीक्षण गरिएकोमा रू.२ करोड ६५लाख ६८ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. ११ लाख ४५ हजारको प्रतिक्रिया उपर कारबाही भई कायम भएको बाँकी बेरुजु रु. २ करोड ५४ लाख २२ हजार मध्ये असुल गर्नुपर्ने रू. ८ लाख ७४ हजार , प्रमाण कागजात पेस गर्नुपर्ने रू ९१ लाख ४१ हजार र नियमित गर्नुपर्ने रु. १ करोड ५४ लाख ८ हजार रहेको छ । गत वर्षसम्म रु.२० करोड ११ लाख ५८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. २२ करोड ५९ लाख ६८ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. पालिकालेवित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरू खुलासा गरेको छैन ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने ढोरपाटन नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यस नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, पालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राजेन्द्र राज ओझा )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६८ | ३५ | २,६५,६७,६८० | ० | १० | ११,४५,१४४ | ० | ६८ | २५ | २,५४,२२,५३६ | ८,७३,७९२ | १,५४,०७,८३५ | ९१,४०,९०९ | ० | ० | २,४५,४८,७४४ | ० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बाग्लुङ | २०,११,५८,४१६ | | ६,१२,८५० | २०,०५,४५,५६६ | | २,५४,२२,५३६ | २२,५९,६८,१०२ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | २३.२ | विद्यालयलाइ अनुदान | १,३१,४६३ |
| २ | २०८०/८१ | २८.४ | पुँजीगत तर्फ | ९,८८२ |
| ३ | २०८०/८१ | २७.४ | नगरपालिका पुँजीगत तर्फ | ९,९५,००० |
| ४ | २०८०/८१ | २५.५ | नगरपालिका चालुतर्फ | ८,७९९ |
| ५ | २०७७/७८ | ४५ | यातायात खर्च | ९,००० |
| ६ | २०७७/७८ | ३७ | दोहोरो अनुगमन भत्ता | २,१०,००० |
| ७ | २०७७/७८ | २० | यातायात सुविधा | १,२६,००० |
| ८ | २०७७/७८ | २४ | पदाधिकारी पारिश्रमिक कर | २,६७,८५० |
| जम्मा | | | | १७,५७,९९४ |

# (८०४४५४०३३०० - ढोरपाटन नगरपालिका, बागलुङ )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** नेपालको संविधान अनुसार स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रबर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ९ वडा, ४९ सभा सदस्य, २२२.८५ वर्ग किलोमिटर क्षेत्रफल तथा ३००६८ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०८।२८ देखि २०८१ ।०९। ११ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय — व्ययतर्फ रु. १२२८२८४०००।- को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

२ **आय ब्यय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०८०।०८१ को प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) निम्न बमोजिम रहेको छ:

| ढोरपाटन नगरपालिका, बुर्तिबाङ, बागलुङ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन | | | | | | | |
| आर्थिक वर्ष:२०८०/०८१ | | | | | | | |
| (२०८०/०४/०१ देखि २०८१/०३/३१ सम्म) | | | | | | | |
| | | चालु आ.ब.को कारोबार | | | गत आ.व.को कारोबार | | |
| क्र.सं./ आर्थिक सङ्केत | विवरण | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | १०८९१५११२०.१३ | ०.०० | १०८९१५११२०.१३ | ११६६०८२०७.७२ | ०.०० | ११६६०८२०७.७२ |
| १३००० | अनुदान | ३५००७४२८७.३४ | ०.०० | ३५००७४२८७.३४ | ४१५४३०१०७.९१ | ०.०० | ४१५४३०१०७.९१ |
| १४००० | अन्य राजस्व | ८५७६३५४.४५ | ०.०० | ८५७६३५४.४५ | ०.०० | ०.०० | ०.०० |
| १५००० | विविध प्राप्ति | ५४०००.०० | ०.०० | ५४०००.०० | ०.०० | ०.०० | ०.०० |
| (क) | जम्मा प्राप्ति | ४६७६१९७६१.९२ | | ४६७६१९७६१.९२ | ५३२०३८३१५.६३ | | ५३२०३८३१५.६३ |
| | खर्च तथा भुक्तानी | | | | | | |
| | चालु | ३६७६७४८१८.३४ | ०.०० | ३६७६७४८१८.३४ | ३५२६३६९२१.३७ | ०.०० | ३५२६३६९२१.३७ |
| २१००० | पारिश्रमिक / सुविधा | २४१८१०३८२.२६ | ०.०० | २४१८१०३८२.२६ | २३६४३६४००.२६ | ०.०० | २३६४३६४००.२६ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ५९१३८१५७.३८ | ०.०० | ५९१३८१५७.३८ | ८६७९७४८२.३५ | ०.०० | ८६७९७४८२.३५ |
| २५००० | सहायता (Subsidy) | ५१३४६५९३.७० | ०.०० | ५१३४६५९३.७० | १५८७१४०७.२३ | ०.०० | १५८७१४०७.२३ |
| २६००० | अनुदान | १२४५२६१.०० | ०.०० | १२४५२६१.०० | ०.०० | ०.०० | ०.०० |
| २७००० | सामाजिक सुरक्षा | ११६९१७२६.०० | ०.०० | ११६९१७२६.०० | ११४१३१३१.५३ | ०.०० | ११४१३१३१.५३ |
| २८००० | अन्य खर्च | २४४२६९८.०० | ०.०० | २४४२६९८.०० | २११८५००.०० | ०.०० | २११८५००.०० |
| | पूंजीगत | ११७७१६१८५.०० | ०.०० | ११७७१६१८५.०० | १७९७८१०५४.०० | ०.०० | १७९७८१०५४.०० |
| ३१११० | भवन तथा संरचना | ०.०० | ०.०० | ०.०० | ९८०२८९.०० | ०.०० | ९८०२८९.०० |
| ३११२० | सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | ८५७९५५८.०० | ०.०० | ८५७९५५८.०० | ५१८९६६६.०० | ०.०० | ५१८९६६६.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ०.०० | ०.०० | ०.०० | १९६३९११.०० | ०.०० | १९६३९११.०० |
| ३११५० | सार्वजनिक निर्माण | १०७३५३६१७.०० | ०.०० | १०७३५३६१७.०० | १६६५२७०६१.०० | ०.०० | १६६५२७०६१.०० |
| ३११६० | निर्मित सरचनाको सुधार खर्च | ०.०० | ०.०० | ०.०० | ४१२०१२७.०० | ०.०० | ४१२०१२७.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३११७० | पूँजीगत सुधार खर्च | १७८३०१०.०० | ०.०० | १७८३०१०.०० | १००००००.०० | ०.०० | १००००००.०० |
| (ख) | कुल जम्मा भुक्तानी | ४८५३९१००३.३४ | ०.०० | ४८५३९१००३.३४ | ५३२४१७९७५.३७ | ०.०० | ५३२४१७९७५.३७ |
| (ग) | बचत /कमी (ग = क-ख ) | -१७७७१२४१.४२ | ०.०० | -१७७७१२४१.४२ | -३७९६५९.७४ | ०.०० | -३७९६५९.७४ |
| (घ) | धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | २५१२५१५.७३ | ०.०० | २५१२५१५.७३ | | ०.०० | |
| (घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | ३३०.०० | ०.०० | ३३०.०० | -५४९९.०० | ०.०० | -५४९९.०० |
| (ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | -१५२५८७२५.६९ | ०.०० | -१५२५८७२५.६९ | -३७९६५९.७४ | ०.०० | -३७९६५९.७४ |
| (च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | २७७०५८४६.४३ | ०.०० | २७७०५८४६.४३ | २८०८५५०६.१७ | ०.०० | २८०८५५०६.१७ |
| (छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| (ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | १२४४७१२०.७४ | ०.०० | १२४४७१२०.७४ | २७७०५८४६.४३ | ०.०० | २७७०५८४६.४३ |

३ **बित्तीय बिवरणमा समावेश नभएको कारोवार:**

गाँउपालिकाले पेस गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरू निम्नानुसार रहेका छन्:

| सि.नं. | खर्च शीर्षक | बजेट | निकासा खर्च |
|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा सरक्षण | १३१४५८००० | १३११४१६७३ |
| २ | गरिब सँग विशेश्वर कार्यक्रम | ४१५००० | ३३९००० |
| | **जम्मा** | १३१८७३००० | १३१४८०६७३ |

४ **वित्तीय विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरेको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भएको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा

प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको वित्तीय विवरण सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन्:

• लेखापरीक्षणका क्रममा पेश्की खाता अद्यावधिक रहेको छैन ।

• प्राप्त वितीय विवरणको म. ले. प फाराम नं. २७० को टिप्पणी ६.२ मा देखाएको बैंक तथा नगद बाँकी रु. १२४४७१२०।७४ मध्ये सञ्चित कोष खातामा रु. ९९३४६०५।०१ र धरौटी कोष खातामा रु. २११२९३३/- मौज्दात रहेको छ ।

• NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेतापनि प्रतिवेदन र लेखाङ्कनबीच एकरुपता देखिदैन ।

• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको भएतापनि सवै कारोवार सुत्रमा समावेश नभएकोले आम्दानी तथा खर्च भिडान भएको पाईएन ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

५ **बजेट तथा कार्यक्रमः**

५.१ **बजेट सीमा निर्धारण समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । तर पालिकाले समिति गठन गरेको र उपलब्ध गराएको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

५.२ **बजेट विनियोजनः** आर्थिक वर्ष २०८०/०८१ को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाए बमोजिम विनियोजन गरेको छ ।

| कुल बजेट | चालु बजेट रु. | प्रतिशत | पूँजीगत बजेट रु. | प्रतिशत |
|---|---|---|---|---|
| ५६४२०२००० | ४०९८०४९८७ | ७२.६३ | १५४३९७०१३ | २७.३७ |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु.५६४२०२०००/- बजेट विनियोजन भएकोमा चालु तर्फ रु.४०९८०४९८७/- अर्थात ७२.६३ प्रतिशत र पूँजीगत तर्फ रु.१५४३९७०१३/- अर्थात २७.३७ प्रतिशत बजेट विनियोजन भएको छ ।पालिकाले चालु बजेट घटाउँदैं पँजिगत बजेट बढाउने गरि कार्यक्रम तय गर्नु पर्दछ ।

५.३ **बजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

५.४

**त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण पेश गर्नुपर्ने र नियम ३६ मा केन्द्रीय निकायले त्यसको भौतिक र बित्तीय पक्षको कार्यालयगत र केन्द्रीय निकायगत समिक्षा गर्नुपर्ने व्यवस्था छ । यसरी समिक्षा गर्दा प्रगति कम भएको देखिएमा सोको कारण पहिचान गरी सुधारको लागि चाल्नुपर्ने कदम समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति बिश्लेषण गर्दा चौथो त्रैमासिकमा मात्र ५७.८७ प्रतिशत र आषाढमा मात्र ३०.२३ प्रतिशत खर्च गरेको देखिन्छ । अन्तिम त्रैमासिक तथा वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप चौथो त्रैमासिक र आषाढमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गरेर प्रत्येक त्रैमासिकमा समानुपातिक ढंगले खर्च गर्न पहल गर्नुपर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | संघीय पूँजीगत | १४३५९ | ० | ३६७८ | १२५७ | ९४२४ | ५४६३ |
| २ | प्रदेश पूँजीगत | ४९५९ | ० | ० | ० | ४९५९ | ३०११ |
| ३ | नगरपालिका पूँजीगत | ९८३९८ | ९४२१ | ५९९० | २९२४६ | ५३७४१ | २७१११ |
| | कूल खर्च | ११७७१६ | ९४२१ | ९६६८ | ३०५०३ | ६८१२४ | ३५५८५ |
| | खर्च प्रतिशत | ० | ८ | ८.२१ | २५.९१ | ५७.८७ | ३०.२३ |

५.५ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०/०८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्र.सं. | क्षेत्र | बजेट (रु. हजारमा) | खर्च (रु. हजारमा) | कुल बजेट मध्ये खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २४५२३ | २०२५९ | ३.५९ |
| २ | सामाजिक विकास | ३१८४८४ | २८७९४५ | ५१.०४ |
| ३ | पूर्वाधार विकास | १२०४४५ | ९४६८६ | १६.७८ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ६४५२ | ६३४४ | १.१२ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९४२९७ | ७६१५७ | १३.५ |
| | जम्मा | ५६४२०२ | ४८५३९१ | ८६.०३ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५१.०४ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटी १.१२ प्रतिशत भएकोले न्यून खर्च र बढी खर्च क्षेत्रबिच ४९.९२ प्रतिशतको फरक देखिन्छ । अत: पालिकाले प्रत्येक क्षेत्रमा समानुपातिक ढंगले खर्च गर्न पहल गर्नुपर्ने देखिन्छ ।

५.६ **मौज्दात रकमः** पालिकाले यस वर्ष चालु तथा पूँजीगत कार्यका लागि रु.११७७१६१८५/- खर्च गरेको छ भने पालिकाको बैंक खातामा रु.१२४४७१२०/- मौज्दात बाँकी रहेको छ । उक्त रकम उपभोग नभई मौज्दात सर्दै गईरहेको अवस्थाले पालिकाको लक्षित उद्देश्य पूरा गर्न कठिन हुने देखिंदा सो रकमको उपयोग गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

५.७ **बजेट तथा पूँजीगत खर्चः** नगरपालिकाको यस आर्थिक वर्षको बजेट र पूँजीगत खर्चको अवस्था देहाए बमोजिम रहेको छ ।

| क्र.सं. | आर्थिक वर्ष | बजेट | पूँजीगत खर्च | बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०/०८१ | ५६४२०२००० | ११७७१६१८५ | २०.८६ |

**बजेट तथा चालु खर्चः** पालिकाहरुमा वार्षिक कार्यक्रम तथा बजेट परिषदबाट स्वीकृत गरी बजेट विनियोजन गरिएको हुन्छ । नगरपालिकाको यस आर्थिक वर्षको बजेट र चालु खर्चको अवस्था देहाए बमोजिम रहेको छ।

| क्र.सं. | आर्थिक वर्ष | बजेट | चालु खर्च | बजेटको तुलनामा चालु खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०/०८१ | ५६४२०२००० | ३६७६७४८१८.३४ | ६५.१७ |

पालिकाले यस वर्ष कुल बजेट रु.५६४२०२०००/- विनियोजन गरेकोमा रु. ३६७६७४८१८/- खर्च गरेको छ जुन कुल बजेटको ६५.१७ प्रतिशत हुन आउँछ । पालिकाले विकास निर्माण कार्यलाई प्राथमिकतामा राखेर कुल बजेट मध्ये पुँजीगत खर्चको हिस्सामा बृद्धि गरी अनिबार्य प्रकृतिका बाहेक अन्य चालु खर्चहरुमा न्यूनीकरण गर्नुपर्दछ ।

## ६ आन्तरिक नियन्त्रण व्यवस्था:

६.१ **आन्तरिक नियन्त्रण प्रणाली**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन्:

**बजेट व्यवस्थापन तर्फः**

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन नगरेको,स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको छैन ।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकीकृत दीर्घकालिन योजना तयार गरेको छैन ।

• स्थानीय तहले सञ्चालन गर्ने कार्यक्रमहरु जस्तैः बैठक, तालिम, गोष्ठी, अभिमुखिकरण आदी लाई व्यवस्थापन गर्न कार्य सञ्चालन निर्देशिका स्वीकृति गरी सोको कार्यान्वियन गरेको छैन ।

• स्थानीय तहबाट यस वर्ष सञ्चालन कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगती तयार गरेको छैन ।

**खरिद व्यवस्थापन तर्फः**

• स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गरेको छैन ।

• सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ । स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको छैन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको विवण पेश गरेको छैन ।

• सञ्चालित योजनाहरुमा उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गरेको छैन ।

• सञ्चालित पुर्वाधार निर्माण सम्बन्धी योजनाहरुमा प्रयोग हुने कच्चा पदार्थ, सामाग्री तथा निर्माण कार्यको गुणस्तर परीक्षण (ल्याब टेस्ट) प्रावधान नराखेको र प्रावधान भएकोमा समेत गुणस्तर परीक्षणको भुक्तानी नभएकोले कामको गुणस्तर सम्बन्धमा पालिका आस्वस्त हुनु पर्दछ ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण

गरेको छैन ।

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख राख्ने गरेको पाईएन ।

**शिक्षातर्फ:**

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको प्रतिवेदन पेश गरेको छैन ।

• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (Integrated Education Management Information System, IEMIS):- कार्यक्रम कार्यान्वियन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग भिडान गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग भिडान गर्ने व्यवस्था कार्यान्वियन भएको छैन ।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेको छैन ।

**विविधतर्फ:**

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• भ्रमण खर्च नियमावली, २०६४ मा भएको व्यवस्था अनुसार भ्रमण पश्चात् सबै खालका भ्रमणको प्रतिवेदन लिने गरेको छैन ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्ने गरेको छैन ।

• कार्यालयको आधिकारिक वेबसाईटमा कतिपय सूचना, जानकारी, तथ्याङ्क तथा फोटोहरु पुरानै रहेको र अद्यावधिक गरि राखेको छैन ।

• पुर्वाधार निर्माण योजनाहरुमा प्रयोग भएको सामाग्रीको प्रयोगशाला परीक्षणको प्रावधान रहेतापनि कतिपय योजनाहरुमा परीक्षणको भुक्तानी नहुने र प्रतिवेदन पेश नहुने गरेकोले प्रयोग हुने सामाग्रीको गुणस्तर कायम भएको सम्बन्धमा कार्यालय आश्वस्त हुनु पर्दछ ।

• मन्त्रालयको मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा सो अनुसार गर्ने गरेको पाईएन।

अत: पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

६.२ **सम्पत्ति हस्तान्तरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल-अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।

६.३ **सरकारी तथ सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरणः** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण

गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरेर सो को व्यवस्थित अभिलेख राख्नुपर्दछ ।

७ **योजना तर्जुमा र कार्यान्वायन तर्फः**

७.१ **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्मस् अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्मस् अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

७.२ **आयोजना हस्तान्तरण**: सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट रु.१०४३०६१०६/- खर्च गरी २२० बटा आयोजनाहरु सम्पन्न गरेकोमा नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरेको देखिएन । जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जानसक्ने देखिन्छ । अत: सम्पन्न आयोजनाहरु समयमै हस्तान्तरण उचित रेखदेख तथा मर्मत सम्भार हुने व्यवस्था गर्नुपर्दछ ।

७.३ **वार्षिक खरिद योजना/गुरुयोजना:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ अनुसार ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.११७७१६१८५/- पूँजीगत खर्च/खरिद/निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावलीले तोकेको व्यवस्था बमोजिम खरिद योजना/गुरुयोजना बनाई कार्यान्वियन गरेर सार्वजनिक खरिद कार्य व्यवस्थित र प्रभावकारी बनाउनु पर्दछ ।

७.४ **योजना छनौट र कार्यान्वयन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वियनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठूला योजना छनौट नगरी साना-साना र टुक्रे योजनामा ठूलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठूला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहायअनुसार छन्।

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाख भन्दा कमको योजना | ७५ | ५७८०००० |
| २ | रू.१ लाख देखि रू.३ लाख सम्मका योजना | ६६ | १२०७०००० |
| ३ | रू.३ लाख देखि माथि रू.५ लाख सम्मका योजना | ३६ | ११९००००० |
| ४ | रु.५ लाख देखि माथि रू.१० लाख सम्मका योजना | २३ | ११०५०००० |
| ५ | रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना | ११ | १४१९६३६० |
| ६ | रू.२५ लाख भन्दा माथीका योजना | १२ | ६५९५८५८८ |
| | जम्मा | २२३ | १२०९५४९४८ |

साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी प्राप्त गर्न कठिनाई हुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरी ठूला र प्राथमिकता प्राप्त योजनामा ध्यान दिनुपर्दछ ।

७.५ **निर्माण कार्य व्यवस्थापनः** पालिकाले आर्थिक वर्ष २०८०/०८१ मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाए बमोजिम रहेको छ।

| योजना संख्या | ठेक्का मार्फत | | उपभोक्ता समिति मार्फत | |
|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम |
| २२३ | ३ | १६६४८८४२ | २२० | १०४३०६१०६ |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल २२३ योजनामा मध्ये ठेक्का मार्फत ३ वटा योजनामा रु.१६६४८८४२/- खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित २२० योजनामा रु. १०४३०६१०६/- खर्च गरेको छ । अर्थात २२३ योजनामा भएको खर्च मध्ये १३.७६ प्रतिशत ठेक्का प्रक्रिया र ८६.२४ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन उपभोक्ता समितिको क्षमता निर्माण कार्यको प्रकृति लगायतका कुराहरु को समेत विचार गरी निर्माण कार्य सञ्चालन एवं व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

## ८ परामर्स सेवा खरिदः

८.१ **सम्भाव्यता अध्ययन/डि.पि.आर खर्च** - सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८.९ मा प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा पालिका जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा यो वर्ष विभिन्न कार्यमा रु. ७४४५९५४.२० खर्च गरेको छ। यसरी खर्च गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। यस्ता डि पि आर तथा प्रतिवेदन खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि वजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत कार्यालयले ध्यान पुर्‍याएको छैन । अत: पालिकाले यस सम्बन्धमा प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्च नियन्त्रण सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ ।

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०/०८१ मा परामर्श सेवा (डि.पि.आर. समेत) वापत रु. ७४४५९५४.२० भुक्तानी गरेकोमा सोको विवरण देहाय बमोजिम रहेको छः

| क्र.सं. | कामको विवरण | परामर्शदाताको नाम | लागत अनुमान रकम | सम्झौता रकम | घटी प्रतिशत | खरिद विधि |
|---|---|---|---|---|---|---|
| १ | A Report on Detailed Project of Rudra Taal Park | Creation Nepal Engineering Solution Pvt. Ltd. Kathmandu Nepal | ४९८५३९.०५ | ४९५१४९.०५ | -०.६८ | सिधै खरिद |
| २ | For Preparation of Detailed Project Report (DPR) of Dhanpura Dhuri Park | बाग्लुङ Archie Architects Pvt Ltd, Ward-28, Lalitpur | ४९८५३९.०५ | ४९५१४९.०५ | -०.६८ | |
| ३ | DPR of Park of Dhorpatan Nagarpalika Ward Number-2 Salamkot Saalghari | Shreenika Engineering Consultancy Pvt. Ltd, Tilottama-06 Rupandehi | ४९८५३९.०५ | ४९५१४९.०५ | -०.६८ | |
| ४ | DPR of Park of Dhorpatan Nagarpalika Ward Number-2 Baghkhor Park | बाग्लुङ र Enciarc Consulting Solution Pvt. Ltd, Mahalaxmi Municipality-08, Lalitpur | ४९८५३९.०५ | ४९५१४९.०५ | -०.६८ | |
| ५ | Preparation of Master plan and Detail Project Report of Dipak Adharbhut School Ward no.4, Dhorpatan, Baglung | Galaxy Engineering Trade Link Pvt Ltd, Bhaktapur | ९९४२३६.८८ | ९८७०५५.०० | -०.७२ | |
| ६ | A final Repaort Municiapal Transport Master Plan (MTMP) of Dhorpatan Municipalty | Integrated Designers Associates, Lalitpur | ९९६६३४.९१ | ९९४४००.०० | -०.२२ | |
| ७ | Site selection, Municipal Engineering survey, geo technical/hydrological investigation of Badigad khola Motorable Bridge | Ripple Training and Consulting Services Pvt. Ltd. Kathmandu | १५३५७७७.५३ | १४९७८१५.०० | -२.४७ | |
| ८ | Innitial Envoronmental Examination (IEE) Report | Auster Engineering Consultancy (P.) Ltd. Shankhamul, Kathmandu Nepal | ९९६६३४.९१ | ९९१०१० | -०.५६ | |
| ९ | Detailed Project Report (DPR) of Cold Store, Dhorpatan Municipality | Devid Multipurpose Pvt. Ltd. Dhorpatan. | ९९६५०९.७१ | ९९५०७८ | -०.१४ | |
| | जम्मा | | ७५१३९५०.१४ | ७४४५९५४.२० | | |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष डि पि आर निर्माण लगायतका कार्यमा कोटेशन मार्फत खरिद विधिबाट ९ वटा सेवा खरिदका लागि जम्मा रु. ७५१३९५०.१४ को लागत अनुमान तयार गरी सम्झौता अनुसार रु.७४४५९५४.२० भुक्तानी गरेको छ । उक्त खरिद गर्दा लागत अनुमानको तुलनामा औसतमा ०.४८ प्रतिशत कम रकममा खरिद सम्झौता भएको देखिन्छ । पालिकाले यस्तो कार्य गर्दा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराउने तथा परामर्श सेवा खरिद गर्नुपर्दाको अवस्थामा प्रतिस्पर्धात्मक विधिको अवलम्बन गरी सार्वजनिक खर्चमा अधिकतम् मितव्ययीता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

८.२ **डि.पि.आर. को कार्यान्वायनको अवस्थाः** पालिकाबाट प्राप्त विवरण अनुसार गत विगत वर्षमा डि.पि.आर. गरेका देहाय बमोजिमका ३ वटा योजनाहरु हालसम्म कार्यान्वयनमा आउन सकेका छैनन् । त्यसरी कार्यान्वियन हुन बाँकी रहेका योजनाहरु देहाय बमोजिम रहेका छन् ।

| क्र.सं | डि.पि.आर. आर्थिक वर्ष | कामको विवरण | परामर्शदाताको नाम | भुक्तानी रकम रु. | योजना कार्यान्वयन हुन नसक्नुको कारण |
|---|---|---|---|---|---|
| १ | २०७९/८० | Detailed Engineering Survey, Soil Investigation, and Detailed Design of the Bridge (Dhorpatan Uttarganga Khola Motarable Bridge) | Ripple Trainning and Consulting Services Pvt. Ltd, Kathmandu | ११५७३७९ | बजेट अभाव |
| २ | २०७९/८० | Detailed Engineering Survey, Detailed Design and Report Preparation of Uttarganga River Training Project, Dhorpatan-09, Baglung | Galaxy Engineering Trade Link Pvt Ltd, Bhaktapur | ९२०५१८ | " " |
| ३ | २०७९/८० | Hiring Consultant For Preparing a startup Plan for Sustainbale development of Dhorpatan Valley | Khanal Engineering Solution Pvt Ltd, Dhorpatan-01, Baglung | १९४५९७ | " " |
| | | | जम्मा | २२७२४९४ | |

उपरोक्त विवरण अनुसार पालिकाले गत विगत वर्षमा डि.पि.आर. गरेका ३ वटा योजनाहरुमा रु.२२७२४९४/- भुक्तानी भएकोमा उक्त योजनाहरु बजेट लगायतका कारणले हालसम्म कार्यान्वयनमा आउन सकेको देखिएन । त्यसैले कार्यान्वयनमा हुन सक्ने र प्राथमिकता प्राप्त योजनाहरुको पहिचान गरेर मात्र परामर्श सेवा लिने तर्फ ध्यान दिनुपर्दछ ।

## ९ कानून निर्माण र कार्यन्वयन तर्फः

९.१ **कानून र सञ्चालन स्थिति;** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २० वटा ऐन, २ वटा नियमावली, २२ कार्यविधि, मापदण्ड २ र नर्म्स २ लगायत ४७ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले ३ वटा कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

९.२ **न्यायीक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्यौंट कारवाही देहाय बमोजिम रहेको छ ।

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फछ्यौंट/कारवाही भएका विवाद | फछ्यौंट/कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| १८ | ३८ | ५६ | २२ | ३४ |

उपरोक्तानुसार पालिकामा न्यायिक समितिको मुद्धा फछ्यौंटको अवस्था सामान्य देखिन्छ । आर्थिक वर्ष २०८०।८१ को अन्तमा जम्मा १८ मुद्धा सरि आएकोमा वांकी मुद्धाको समेत समयमै न्यायिक निरुपण हुनुपर्दछ ।

## १० सेवा प्रवाहः

**सेवाप्रवाहको स्थितिः** पालिकाले आर्थिक वर्ष २०८०/०८१ मा निम्न विषयमा १७८३ जनालाई देहाय बमोजिम पञ्जिकरण प्रदान गरेको छ ।

| विवरण | सेवा संख्या |
|---|---|
| जन्म दर्ता | १११७ |
| मृत्यु दर्ता | २१८ |
| बसाईसराई दर्ता | ७७ |
| विवाह दर्ता | ३४१ |
| सम्बन्ध विच्छेद दर्ता | ३० |
| जम्मा | १७८३ |

उपरोक्तानुसार नगरपालिकाको वार्षिक सेवा प्रवाह अवस्था विश्लेषण गर्दा वार्षिक के कति सेवाग्राहीले सेवा प्राप्तिको लागि निवेदन दिएका थिए र के कतिले प्राप्त गर्न सकेनन् सेवा प्राप्त हुन नसक्नुको कारण व्यवस्थित रेकर्ड नराखेकोले एकिन गर्न सकिएन । गुनासो सुनुवाई प्रभावकारि वनाई साथै सेवाग्राही सन्तुष्टी सर्वेक्षण गरि सेवा प्रवाहको अवस्थाको मुल्यांकन गर्न सके अझ प्रभावकारि हुने देखिन्छ ।

११ **सहकारी तर्फः**

११.१ **सहकारी नियमनः** सहकारी ऐन २०७४ को दफा ७३ अनुसार मासिक चौमासिक वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली २०७५ को नियम २८(४) सहकारी संस्थाहरुको सुपरीवेक्षण निरीक्षण तथा अनुगमन निर्देशिका २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २० वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

११.२ **संघीय सरकारको अधिकार क्षेत्र अन्तर्गतको विषयमा कानून निर्माण:** नेपालको संविधानको धारा ५७ (६) अनुसार उपधारा (३) वा (५) बमोजिम प्रदेश सभा गाउँ सभा वा नगर सभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनुपर्नेछ र प्रदेश सभा गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानून संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने व्स्था छ । त्यसैगरी संविधानको अनुसूची - ५ संघको अधिकार सूची अन्तर्गत बुदाँ नं. ३० मा फौजदारी र देवानी कानूनको निर्माण गर्ने अधिकार संघको रहेको छ । तर पालिकाको सहकारी ऐन, २०७५ को दफा ८० अन्तर्गत विभिन्न कसुरका लागि १ वर्ष देखि १० वर्ष सम्म कैद सजाय व्यवस्था छ । त्यसैले देवानी तथा फौजदारी कानून निर्माण गर्ने संवैधानिक तथा कानूनी क्षेत्राधिकार संघीय सरकारको देखिएकाले उल्लेखित कानूनी व्यवस्थामा सुधार हुनुपर्दछ ।

११.३ **सहकारी संस्थाको विवरणः** पालिकामा यस आर्थिक वर्षमा सहकारी संस्थाको विवरण देहाए बमोजिम रहेकोमा पालिका अन्तर्गत ५ वटा सहकारी रहेको विवरण पालिका बाट प्राप्त भएको छ ।

| सहकारी संस्थाको किसिम | सहकारी संख्या | सदस्य संख्या | शेयर पूँजी रु | बचत रु | ऋण लगानी रु | जगेडा कोष |
|---|---|---|---|---|---|---|
| वचत तथा ऋण सहकारी संस्था लि. | ७ | १००७ | ५३१०००० | ७२३८००० | नखुलेको | नखुलेको |
| बहुउदेश्यीय सहकारी संस्था लि. | ३ | १३४ | ३१५००० | ५०००० | " " | " " |
| कृषि सहकारी संस्था लि. | ८ | २१० | ६१०००० | नखुलेको | " " | " " |
| अन्य | २ | ५८ | ५८००० | नखुलेको | " " | " " |
| जम्माः | २० | १४०९ | ६२९३००० | ७२८८००० | " " | " " |

पालिकामा संस्थागत रुपमा सहकारी शाखाको व्यवस्था भएता पनि ऐनमा तोकिए बमोजिम सहकारी संस्थाहरुको नियमित सघन अनुगमन गरेको छैन । सहकारी सदस्यहरुको हित र वचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने दुरुपयोग रोक्न प्रचलित कानूनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको नियमित र सघन अनुगमन गर्ने कार्यमा ध्यान दिनुपर्दछ ।

## १२ संगठन तथा कर्मचारी व्यवस्थापनः

१२.१ **दरबन्दी र पदपूर्तीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ राजस्व क्षमता खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा स्वीकृत कर्मचारी दरबन्दी पदपूर्ती र यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्।

| क्र.सं. | स्वीकृत पद | संख्या | पदपूर्ती | | | पदपूर्ती बाँकी |
|---|---|---|---|---|---|---|
| | | | स्थायी | करार | ज्यालादारी | |
| १ | अधिकृत स्तर | ११ | ५ | - | - | ६ |
| २ | सहायक स्तर | ४५ | २१ | २३ | - | - |
| जम्मा | | ५६ | २६ | २३ | | ६ |

पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २६ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका शिक्षा हधिकृत, कृषि अधिकृत, पशु चिकित्सक जस्ता पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१२.२ **तलबी प्रतिवेदन पारित बेगर तलब भत्ता भुक्तानी:** स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । तर पालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी २६ जना स्थायी कर्मचारीलाई रु.९३९०५४८/- तलब भुक्तानी गरेको छ भने लेखापरीक्षण अवधिसम्म पनि आर्थिक वर्ष २०८०/०८१ को लागि समेत तोकिए बमोजिम तलबी प्रतिवेदन पारित गरेको छैन । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१२.३ **रिक्त पदको सूचना नदिएकोः** स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिना भित्रमा पद रिक्त भएको सूचना सम्बन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ । पालिकाको स्वीकृत कर्मचारी दरबन्दी ५६ जना रहेकोमा माथी उल्लेख भए बमोजिम २६ जना

स्थायी, २३ जना करारमा कार्यरत रही ६ पद रिक्त रहेका छन् । तर पालिकाले गत विगत वर्षहरु देखि यस वर्षको लेखापरीक्षण अविधसम्म पनि रिक्त पद पूर्तीका लागि स्थानीय सेवा गठन तथा सञ्चालन ऐनमा तोकिएको व्यवस्था बमोजिम प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई सूचना दिएको छैन । अत: यस पालिकाले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई समयमै माग पठाएर कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपुर्ती गरी सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाउनुपर्दछ ।

१२.४ **स्वत: पद रिक्तः** स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १५(१) अनुसार स्थानीय सेवाको पदमा यस अध्यादेशमा व्यवस्था भए देखि बाहेक अन्य तरिकाबाट पदपूर्ती गर्न नपाईने तथा दफा १५(२) अनुसार उपदफा (१) विपरित गरिएको नियुक्ती स्वत: बदर भएको मानिने उल्लेख छ । तर पालिकाले प्रदेश कानून आए पश्चात पनि आर्थिक वर्ष २०८०/०८१ का लागि समेत तोकिए बमोजिम रिक्त पदको सूचना नपठाई करारमा नियुक्त गरेको कार्य नियमसम्मत नदेखिनुका साथै उक्त करार सम्झौता स्वत: निष्क्रिय हुने देखिन्छ । साथै स्वत: बदर हुने करार सम्झौताका आधारमा तलब भत्ता भुक्तानी हुन जाने अवस्था तर्फ समेत पालिकाले ध्यान दिनु पर्दछ ।

१२.५ **पदाधिकारी सुविधा:** नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार पालिकाले यस आर्थिक बर्षमा पदाधिकारी सुविधा शीर्षकमा रु.१२२८६५००/- खर्च गरेको देखिन्छ । जुन आन्तरिक आय रु. १७५००१०४/- को ७०.२१ प्रतिशत देखियो । अतः पालिकाले आन्तरिक आय बृद्धि गरी आन्तरिक आयको पर्याप्तता पश्चात मात्र मात्र पदाधिकारी सुविधामा थप खर्च गर्नुपर्दछ ।

**अवकास कोषः** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृतिभरण, औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि दरबन्दीमा कार्यारत कर्मचारीले खाईपाई आएको तलबको दश प्रतिशत कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्ने गरी एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले कानुनको पालना गरी कोष स्थापना गरेको दखिएन । अतः कानूनको पालना गरी कोष निर्माण गर्नु पर्दछ ।

## १३ वित्तीय विवरण परीक्षणः

१३.१ **कार्यक्रम तथा प्रगतिः** सार्बजनिका निकायले आफुलाई तोकिएको र आफुले तोकेको लक्ष्य अनुसार शत प्रतिशत प्रगति हाँसिल हुनेगरी कार्य सम्पादन गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । कार्यालयले पुरा गर्न सक्ने योजनाहरु मात्र छनौट गरी कार्यान्वयनमा लैजानुपर्दछ । लक्ष्य अनुसार प्रगति नहुने हो भने बार्षिक कार्यक्रमको कुनै औचित्य नरहने हुँदा पालिकाले योजना छनौटमा ध्यान पुर्याउनु पर्दछ।कार्यालयले यस सम्बन्धमा सभाको निर्णय अनुसार आवश्यकताका आधारमा अन्य योजना थप गर्दा बजेट अभाव भएको भन्ने जवाफ दिएको छ । पूँजीगत कार्यक्रम तर्फ शून्य प्रगति भएका कार्यक्रमहरु देहायअनुसार रहेका छन्।

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | रकम |
|---|---|---|
| १ | पाइलेश्वर थापाटोल सर्दाखेत सिद्धथान मोटरबाटो स्तरोन्नती | ३००००० |
| २ | विपद व्यवस्थापन तथा पुल निर्माण | २००००० |
| ३ | विपद व्यवस्थापन तथा पुल निर्माण | १२५०००० |
| ४ | ज्याथर सिचांई | २००००० |
| ५ | मोटरबाटो सरसफाइ तथा जग्गा उत्खनन | १००००० |
| ६ | पर्यटन विकास कार्यक्रम | ५००००० |
| ७ | बस्नेदास देउराली मोटरबाटो | १००००० |
| ८ | नगरपालिकाको प्रशासकिय भवन निर्माण | ८०८९०० |
| ९ | नगरपालिकाको प्रशासकिय भवन निर्माण | ४०००००० |
| १० | नगरपालिकाको प्रशासकिय भवन निर्माण | २१००००० |
| ११ | सार्वजनिक नागरिक आवास | १०००००० |
| १२ | लेङ्गुरे फाँट देखी माउखोला सिचांई कुलो | ६००००० |
| १३ | धौलागिरी आ वि पहिरो तथा नाली व्यवस्थापन | ३५०००० |
| १४ | देवलधारा गोरेटोबाटो स्तरोन्नती | १५०००० |
| १५ | ठुलोखोला चमेरी सिंचाई कुलो | १००००० |
| १६ | खसगाँउ चियाचौतारा मोटरबाटो घुम्टी निर्माण | ३५०००० |
| १७ | स्वास्थ्य चौकी एम्बुलेन्स खरिद | ५००००० |
| १८ | मध्यपहाडी देखी ढाडा खोरिया मानदारा गोरेटो बाटो | १५०००० |
| १९ | लाउरेबारी देखी किराखोर मोटरबाटो स्तरोन्नती | २००००० |
| २० | वडाभरिका मोटरबाटो सरसफाइ | ४००००० |
| | जम्मा | १३३५८९०० |

१३.२ **प्रगति विवरण नभएको:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना छनौट तथा सञ्चालन सम्बन्धी व्यवस्था छ । पालिकाले यस वर्ष उपभोक्ता समितिवाट सञ्चालित २२० योजनाहरू र निर्माण ब्यवसायी मार्फत निर्माणाधिन २ तथा सम्पन्न ३ समेत कुल २२५ योजना सञ्चालन गरेको देखियो । पालिकाले सञ्चालित योजनाहरूको प्रगति विवरण पेश हुन आएन । सञ्चालित योजनाहरूको कार्यसम्पन्न अवस्था, वित्तीय एवं भौतिक प्रगतिको स्थिति समेतको क्रियाकलापगत र रकमगत परिमाण खुल्ने गरी एकीकृत रुपमा प्रगति प्रतिवेदन तयार नगरेकोले सो को विश्लेषण गर्न सकिएन । अतः पालिकाले स्वीकृत कार्यक्रम बमोजिम कार्य सञ्चालन र सञ्चालित कार्यको प्रगती विवरण तयार हुनुपर्दछ ।

१३.३ **कार्य योजनाः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ (२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य

समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने गराउने सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका शर्त पालना गरेर मात्र विपद् व्यवस्थापनका क्षेत्रमा खर्च गर्नु पर्दछ ।

१३.४ **वार्षिक प्रतिवेदनः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । पालिकाले ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

१४ **आर्थिक सहायता अन्य विविध खर्च र अनुदानः**

१४.१ **विविध खर्च:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.२२५४०६९/- खर्च गरेको छ । पालिकाले उपलब्ध बजेटलाई कार्यक्रम बनाई उपलब्धीमुलक क्षेत्रमा खर्च गरेर यस्ता चालु प्रकृतिका खर्चमा न्यूनीकरण गर्नुपर्दछ ।

१४.२ **आर्थिक सहायताः** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था छ । साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एवं कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ । पालिकाको वित्तीय समानीकरण चालुको नमूना छनौटको आधारमा परीक्षण गर्दा विभिन्न भौचरवाट क्लव तथा संस्था एवं ब्यक्ति समेत ३६४ लाई रु. ४० लाख आर्थिक सहायता वितरण गरेको देखियो । आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले आर्थिक सहायता मापदण्ड एवं कार्यविधिको पालना नगरेको, ठूलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको तथा सम्वन्धित वडाध्यक्षहरुको सिफारिसमा समेत सहायता दिएको जस्ता अवस्था देखियो । पालिकाले आर्थिक सहायता एवं अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन । उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ ।

१४.३ **अनुगमन, मुल्याङ्कन तथा भ्रमण खर्चः** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालय र वडा तथा स्वास्थ्य संस्थामा समेत यस वर्ष विषयगत शीर्षक तथा कन्टिन्जेन्सी वाहेक चालु खर्च शिर्षकवाट अनुगमन, मुल्याङ्कन तथा भ्रमणमा रु.१६२७१७५/- खर्च लेखेको छ । तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । पालिकाले नियमावलीमा भएको व्यवस्थाको पालना गरेर मात्र अनुगमन मुल्याङ्कन तथा भ्रमण खर्च गर्नुपर्ने देखिन्छ।

१५ **फोहरमैला व्यवस्थापनः**

फोहरमैला व्यवस्थापन ऐन २०६८ को दफा ३ र ४ बमोजिम पालिका भित्रको फोहरमैलाको प्रबन्ध र व्यवस्थापन गर्ने जिम्मेवारी र दायित्व स्थानीय तहको हुने उल्लेख छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन्।

**स्रोतमा नै वर्गिकरणः** फोहरमैला व्यवस्थापन ऐन २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने नकुहिने सिसाजन्य अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

1. ऐनको दफा १४(१) अनुसार यस ऐन बमोजिम स्थानीय तहले अवश्यकता अनुसार दफा १३ बमोजिम अनुमति प्राप्त निजी क्षेत्रका कम्पनी वा सामुदायिक क्षेत्रबाट दफा १५ बमोजिम प्रतिस्पर्धा गराई वा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी कानून बमोजिमको कुनै प्रक्रियाको अवलम्बन गरी आफ्नो क्षेत्रको फोहरमैला व्यवस्थापन गराउन सक्ने व्यवस्था छ । तर पालिकाले दिएको जानकारी अनुसार पालिकाले नै फोहरमैला संकलन एवं ब्यवस्थापनको कार्य गरिरहेको छ ।
2. ऐनको दफा १८(१) अनुसार सेवा शुल्क उठाउन सक्ने र दफा १८(५) अनुसार शुल्कबाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने अम्दानी स्थानीय तहले एउटा छुट्टै शीर्षकमा राखी सो रकम तोकिएको मापदण्डको अधिनमा रही फोहरमैलाको व्यवस्थापन वातावरणीय संरक्षण तथा फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा खर्च गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले हालसम्म फोहरमैला व्यवस्थापनको शुल्क नतोकेको तथा सोबाट कुनै पनि आम्दानी समेत प्राप्त गरेको छैन ।
3. ऐनको दफा ५१(१) अनुसार यो ऐन तथा ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही स्थानीय तहले विभिन्न प्रकृत्तिका फोहरमैला व्यवस्थापनको लागि बेग्लाबेग्लै मापदण्ड जारी गर्न तथा दफा ५१(२) अनुसार सम्बन्धित स्थानीय तहले फोहरमैला व्यवस्थापन सम्बन्धमा आवश्यक निर्देशिका बनाई लागु गर्न सक्ने व्यवस्था छ । तर पालिकाले हासम्म यस ऐनको कार्यान्वियनका लागि आवश्यक पर्ने मापदण्ड र निर्देशिकाहरु जारी गरेको छैन ।

## १६ धरोटी तथा ठेक्का अभिलेखः

१६.१ **धरौटी खाताः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली, २०७७ को नियम ६४ ले प्राप्त धरौटी रकमको गोश्वारा भौचर उठाई आम्दानी बाँध्नुपर्ने र आर्थिक वर्षको अन्त्यमा मौज्दात रहेको धरौटी रकमको नामनामेसी विवरण उल्लेख गरी व्यक्तिगत धरौटी खाता राख्नुपर्ने व्यवस्था गरेको छ। नगरपालिकामा व्यक्तिगत धरौटी खाता नराखेको हुँदा विगतमा कहिले देखि कुन ब्यक्ति वा संस्थाको नाममा धरौटी रकम के बापत राखेको हो यकिन गर्न सकिएन। उक्त नियमावलीमा भएको व्यबस्थालाई कार्यान्वियनमा ल्याई पालिकाले तोकिएका विवरण र खाताहरू राख्नुपर्दछ।

१६.२ **ठेक्का अभिलेखः** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य हाल सम्म भएको कामको परिमाण मूल्य कार्य सम्पादन जमानत पेश्की ग्यारेन्टीको अवस्था काम सम्पन्न गर्नुपर्ने मिति भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः कार्यालयले स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

## १७ भूमिहिन दलित र सुकुम्बासी तथा अव्यवस्थित बसोबासको लगत संकलनः

**भूमिहिन दलित र सुकुम्बासी तथा अव्यवस्थित बसोबासको लगत संकलनः** यस सम्बन्धमा लेखापरीक्षण अवधिसम्म भएका कार्यहरु देहाय बमोजिम रहेका छन्।

पालिकाले सम्बन्धित वडा मार्फत् संकलन गरेको निम्नानुसारको निवेदन पालिकामा प्राप्त भएको छ।

| क्र.सं. | विवरण | घरधुरी संख्या |
|---|---|---|
| १ | भूमिहिन दलित | ४५ |
| २ | भूमिहिन सुकुम्बासी | २९ |
| ३ | अव्यवस्थित बसोबासी | १९४७ |
| | **जम्मा निवेदन** | **२०२१** |

पालिकाले पालिकामा रहेका भूमिहिन दलित र सुकुम्बासी तथा अव्यवस्थित बसोबास गरेका नागरिकलाई लालपूर्जा वितरणको लागि रु ४३५०००/- रकम खर्च गरि तथ्याङ संकलन बाट २०२१ देखिएकोमा पुर्जा वितरण भएको देखिएन । अतः उदेश्य अनुरुप जुन कार्यको लागि रकम खर्च गरिएको हो सो कार्य गर्नु पर्दछ ।

१८ **शिक्षा तर्फः**

१८.१ **विद्यालय र विधार्थी संख्याः** पालिकाले तयार पारेको शैक्षिक सत्र २०८० को विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

| क्र.सं. | विद्यालयको किसिम | विद्यालय संख्या | विधार्थी संख्या |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | ४८ (१ धार्मिक सहित) | ८३५९ |
| २ | संस्थागत विद्यालय | ५ | २१३८ |
| | जम्मा | ५३ | १०४९७ |

उपरोक्त विवरण अनुसार पालिकाको जम्मा विधार्थी संख्या १०४९७ रहेकोमा ७९.६३ प्रतिशत सामुदायिक र २०.३७ प्रतिशत विधार्थी संस्थागत विद्यालयमा अध्यनरत रहेको देखिन्छ ।

१८.२ **सामुदायिक विद्यालयको दरबन्दी र पदपुर्तीः** आर्थिक वर्ष २०८०।०८१ मा पालिका भित्रका ४८ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तीको अवस्था देहाए बमोजिम रहेको छ ।

| विद्यालयको किसिम | दरबन्दी संख्या | स्थायी पदपूर्ती | पदपूर्ती मध्ये राहत/करार | रिक्त दरबन्दी |
|---|---|---|---|---|
| सामुदायिक | ३४६ | १६५ | १८० | १ |
| जम्मा | ३४६ | १६५ | १८० | १ |

उक्त विवरण अनुसार पालिकामा जम्मा ३४६ शिक्षक दरबन्दी रहेकोमा १६५ जना स्थायी पदपूर्ती र १८० जना अस्थायी/राहत/करारमा नियुक्त गरी जम्मा ३४५ पदपूर्ती गरेको देखिन्छ भने लेखापरीक्षणको समय सम्म पनि १ पद रिक्त रहेको छ । पालिकाले विद्यालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ती गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

१८.३ **शिक्षक विद्यार्थी अनुपातः** शिक्षा नियमावली २०५९ अनुसार सामुदायिक विद्यालयमा विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा ४०:१ पहाडी भेगमा ४५:१ र उपत्यका तथा तराई भेगमा ५०:१ रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।०८१ शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

| क्र.स. | विद्यालय नाम | विद्यार्थी संख्या | शिक्षक संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | अर्नाकोट मा.वि. | १६२ | १२ | १:१४ |
| २ | बाल विकास आ.वि. | २१ | ३ | १:७ |
| ३ | बाल ज्योति आ.वि. | १३ | १ | १:१३ |
| ४ | बाल कल्याण आ.वि. | १६ | २ | १:८ |
| ५ | भूजि मा.वि. | २५२ | १३ | १:१९ |
| ६ | भूजि महाविर आ.वि. | १७५ | ९ | १:१९ |
| ७ | बिद्या विकास मा.वि. | २४२ | १३ | १:१९ |
| ८ | छोरेगाँउ मा.वि. | २०८ | १३ | १:१६ |
| ९ | देउराली आ.वि. | १०५ | ८ | १:१३ |
| १० | धिरी आ.वि. | १६३ | ८ | १:२० |
| ११ | ढोरवाराह आ. वि. | १५ | १ | १:१५ |
| १२ | ढोरपाटन दुर्गम आ. वि. | ७ | १ | १:७ |
| १३ | ढोरपाटन जनवादी आ. वि. | ३३३ | १० | १:३३ |
| १४ | दिपक आ. वि. | ११३ | ९ | १:१३ |
| १५ | गगा आ.वि. | ६० | ५ | १:१२ |
| १६ | घोसाखानी मा. वि. | २५५ | १३ | १:२० |
| १७ | ज्ञानोदय मा. वि . | ५८८ | १८ | १:३३ |
| १८ | हिमालय आ. वि . | ९० | ८ | १:११ |
| १९ | जाल्दी आ. वि. | ४२ | ४ | १:११ |
| २० | जन चाहाना आ. वि. | ९५ | ८ | १:१२ |
| २१ | जन चेतना आ. वि. | ५५ | ३ | १:१८ |
| २२ | जन चेतना आ. वि. | ५० | ४ | १:१३ |
| २३ | जन जागरण आ. वि. | १५ | १ | १:१५ |
| २४ | जन जागृती आ. वि. | २८६ | १० | १:२९ |
| २५ | जन ज्योति सिद्ध आ. वि. | १६ | १ | १:१६ |
| २६ | जन कल्याण आ. वि. | ११५ | ८ | १:१४ |
| २७ | जन सेवा आ. वि. -५ | १७ | ३ | १:६ |
| २८ | जन सेवा आ. वि. -९ | ५० | २ | १:२५ |
| २९ | जनता आ. वि. | ११७ | ५ | १:२३ |
| ३० | ज्योति विकास मा. वि. | १६९ | १२ | १:१४ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | नमूना आ. वि. | ३० | २ | १:१५ |
| ३२ | नव ज्योति आ. वि. -६ | १११ | ८ | १:१४ |
| ३३ | नव ज्योति आ. वि. -२ | ५१ | ४ | १:१३ |
| ३४ | प्रगतिसिल आ. वि. | १६ | ३ | १:५ |
| ३५ | प्रकाश मा. वि. | २४५ | १३ | १:१९ |
| ३६ | रूद्रताल आ. वि. | ४६ | २ | १:२३ |
| ३७ | सहलथान आ. वि. | १२ | ३ | १:४ |
| ३८ | सरस्वती मा. वि.. | ५१३ | १४ | १:३७ |
| ३९ | सरस्वती आ. वि. -५ | ७६ | ५ | १:१५ |
| ४० | सरस्वती आ. वि-१ | २८२ | १० | १:२८ |
| ४१ | शिवालय मा. वि. | ४५४ | १७ | १:२७ |
| ४२ | सिद्ध बराह आ. वि. | १८ | २ | १:९ |
| ४३ | सिमलचौर आ. वि. | ५९ | ५ | १:१२ |
| ४४ | सोर्वाङ आ. वि. | ८४ | ५ | १:१७ |
| ४५ | तिर्थ ज्योति आ. वि. | ४९ | ४ | १:१२ |
| ४६ | तुला आ. वि. | १०२ | ७ | १:१५ |
| ४७ | उत्तर गगा मा. वि. | ७७१ | ३४ | १:२३ |
| | जम्मा | ६७६४ | ३४६ | १:२० |

उपरोक्त विवरण अनुसार शिक्षक विद्यार्थी अनुपात १:२० रहेको छ।अर्थात यस पालिकामा १ जना शिक्षकले २० जना विद्यार्थीहरुलाई पठन पाठन गराउनु पर्ने देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अनुसूची १ को जिल्ला वर्गिकरणमा वागलुङ जिल्ला पहाडी जिल्लाको सूचीमा रहेको छ । शिक्षा नियमावली, २०५९ ले तोके अनुसार पहाडी भेगमा सामुदायिक विद्यालयमा १ जना शिक्षकले ४५ जना विद्यार्थीलाई पठन पाठन गराउनुपर्ने गरी शिक्षकको दरबन्दी कायम हुनु पर्नेमा यस पालिकामा १ जना शिक्षकले औषतमा २० जना विद्यार्थीलाई मात्र पठन पाठन गराएको देखियो जुन शिक्षा नियमावलीले तोकेको अनुपात भन्दा ज्यादै कम रहेको छ । पालिकाले विद्यार्थी संख्या अनुसार शिक्षकको दरबन्दी मिलान गर्नु पर्दछ ।

१८.४ **प्रति विद्यार्थी लागतः** पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०/०८१ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत |
|---|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट | २४१३५८९७०।- | २२०६९६७६७।- | ६७६४ | ३२६२८ |
| जम्मा | २४१३५८९७०।- | २२०६९६७६७।- | ६७६४ | ३२६२८ |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु. ३२६२८/- रहेको छ । शिक्षक विद्यार्थी अनुपात कम रहेकोले प्रति विद्यार्थी लागत बढी रहेको देखियो । अतः पालिकाले विद्यार्थी संख्या अनुसार शिक्षकको दरबन्दी मिलान गरेर प्रति विद्यार्थी लागत कम गर्न पहल गर्नुपर्दछ ।

१८.५

**संस्थागत विद्यालयको छात्रवृत्ति** - ढोरपाटन नगरपालिकाको शिक्षा नियमावली, २०७५ को नियम ६८ को उपनियम १ बमोजिम संस्थागत विद्यालयले कुल विद्यार्थीको १० प्रतिशत छात्रवृत्ति विपन्न एवं सिमान्तकृत विद्यार्थीलाई उपलब्ध गराउनु पर्ने व्यवस्था छ । साथै सोही नियम ६९ को उपनियम १ बमोजिम छात्रवृत्ति उपलब्ध गराएका विद्यार्थीहरुको नाम थर कक्षा तथा निजको बाबु आमाको नाम थर वतन सहितको विवरण विद्यालयले विद्यालयको सूचना पाटी टाँस गर्ने एवं विद्यालयको वेभसाइट भएमा त्यसमा राखी सार्वजनिक गर्नुपर्ने उल्लेख छ । साथै त्यस्तो विवरण शिक्षा शाखामा समेत पठाउनु पर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

• पालिकाले तयार पारेको शैक्षिक सत्र २०८० को विवरण अनुसार संस्थागत विद्यालयमा अध्यनरत विधार्थी संख्या निम्नानुसार छन् ।

| क्र.सं. | विद्यालय | विद्यालय संख्या | विधार्थी संख्या | छात्रवृत्ति प्राप्त गर्नुपर्ने विद्यार्थी संख्या |
|---|---|---|---|---|
| १ | संस्थागत | ५ | २१३८ | १०७ |

अत: संस्थागत विद्यालयले तोकिए बमोजिम छात्रवृत्ति प्रदान गरे नगरेको सुनिश्चित हुने तर्फ थप ध्यान दिनुपर्ने देखिन्छ ।

१८.६ **शैक्षिक गुणस्तरः** नगरपालिका अन्तर्गत रहेका विद्यालयहरुको २०८० सालको एस.ई.ई. परीक्षामा जम्मा ५३४ विधार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना देहाय बमोजिम रहेको छ ।

| क्र.स. | सहभागी विद्यार्थी | | जिपिए | जम्मा विधार्थी | उत्तिर्ण विधार्थी संख्या | | उत्तिर्ण प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | संस्थागत | सामुदायिक | | | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक |
| १ | ९२ | ४४२ | ३.६१ - ४.०० | ५ | ५ | ० | २६.०८ | ६.७९ |
| २ | जम्मा सहभागि ५३४ जना | | ३.२१ - ३.६० | ३० | १९ | ११ | | |

उल्लेखित तालिका अनुसार ३.६१ देखि ४.०० जिपिए ल्याउने ५ विधार्थी सबै संस्थागत विद्यालयका रहेका र ३.२१ - ३.६० जिपिए ल्याउने ३० विधार्थी मध्ये ११ जना मात्र सामुदायिक विद्यालयबाट उत्तिर्ण भएको देखिन्छ । जसअनुसार उच्च जिपिए ल्याउने विद्यार्थी सामुदायिक विद्यालयमा न्यून देखिएकाले सामुदायिक शिक्षा/विद्यालयको गुणस्तर सुधारमा थप ध्यान दिनुपर्ने देखिन्छ ।

१८.७ **दिवा खाजाः** कार्यक्रम कार्यन्वयन पुस्तिका २०८०/८१ को क्रियाकलाप नं २.७.११.१ मा तोकिएका विद्यार्थीका दिवा खाजाको लागि विद्यालयलाइ अनुदान निकासा गर्दा शैक्षिक व्यवस्थापन सुचना प्रणालीमा समावेश भएको वालविकास देखि कक्षा ५ सम्मको विद्यार्थी संख्यालाइ आधार मानी दैनिक रु १५ का दरले अधिकतम १८० दिनका लागि रकम निकासा गर्ने व्यवस्था रहेको छ।स्थानीय तहले दोस्रो त्रैमासिक देखि विद्यालयमा बजेट निकासा गर्दा भौतिक रुपमा पुरा समय चलेको दिन खाजा उपलब्ध गराएका विद्यालयको प्रधानाध्यापक र विव्यस अध्यक्षबाट विद्यार्थीको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या एकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था छ।त्यस्तै प्रत्येक चौमासिकमा रकम निकासा गर्दा उक्त समय भन्दा अगाडि निकासा भएको रकम सही सदुपयोग भए नभएको एकिन गर्ने व्यवस्था रहेको साथै विद्यालयबाट सञ्चालित दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले आ.व. २०८०/८१ मा ४७ वटा विद्यालयका लागि विभिन्न मितिमा रु.१०८००२१०/- भुक्तानी गरेको छ । नमूनाका रुपमा केही विद्यालयहरुको माग फाराम परिक्षण गर्दा IEMIS अनुसार रकम निकासा भएको र केही विद्यालयहरुको हाजिरी प्रमाणित गरेको पाइएन। पालिकाबाट निकासा भएको रकम तोकिएको कार्यमा खर्च भए नभएको र खाजाको गुणस्तर कायम भए नभएको सम्बन्धमा पालिकाबाट अनुगमन भएको पाइएन । तसर्थ पालिकाले विद्यालयमा जाने अनुदानलाइ प्रभावकारी कार्यन्वयन गर्नको लागी अनुगमन निरिक्षण गरी प्रतिवेदन गर्नुका साथै उक्त कार्यक्रम कार्यन्वयन पुस्तिकामा भएको व्यवस्थाको समेत पालना गर्नुपर्दछ ।

१८.८ **निशुल्क पाठ्यपुस्तक अनुदानः** कार्यक्रम कार्यन्वयन पुस्तिका २०८०/८१ को क्रियाकलाप नं २.४.६.१ अनुसार IEMIS मा प्रविष्ट तथ्याङ्कलाइ स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापित विवरण शिक्षा अधिकृत बाट प्रमाणित गरी सो का आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या एकिन गर्ने र एकिन

भएका विद्यार्थी संख्याका लागि स्वीकृत दररेटका आधारमा हिसाव गरी अनुदान उपलब्ध गराउने उल्लेख भएको छ । त्यस्तै विद्यार्थीले शैक्षिक सत्रको सुरुवातमा नै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य स्थानीय तहको हुने व्यवस्था रहेको छ । पालिकाले आ.व. २०८०/८१ मा पाठ्यपुस्तक वापत विभिन्न विद्यालयहरुलाइ IEMIS को संख्याको आधारमा रु.४५१४४४९ भुक्तानी गरेको छ । पालिकाले रकम निकासा गर्दा विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापित विवरण शिक्षा अधिकृत बाट प्रमाणित गरी सो का आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या एकिन गरेको देखिएन। उक्त रकमबाट विद्यालयहरुले पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाइ वितरण गरे नगरेको तथा पाठ्यपुस्तकको उपलब्धता र वितरण सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्दछ।

१८.९ **छात्रबृति (गैरआवासिय)**: कार्यक्रम कार्यन्वयन पुस्तिका २०८०/८१ को क्रियाकलाप नं ७.२.१.१ सार्वजनिक विद्यालमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृति वापत अनुदान दिदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाइ सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापान गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी विद्यालयहरुलाइ निकासा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष गैरआवासिय छात्रबृति बापत विभिन्न विद्यालयहरुलाइ रु.२५५२८००/- निकासा गरेको छ । उक्त रकम सम्बन्धित विद्यार्थीले पाए नपाएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्दछ।

१८.१०(६६४-२०८१-३-७):

**शैक्षिक अवलोकन भ्रमणः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भर्पाइ प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा खर्चको भुक्तानी दिदा संलग्न कागजातहरु रित पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले विद्यालयका प्र. अ. सहितको शैक्षिक अवलोकन भ्रमण वापत जम्मा रु.४५००००/- खर्च लेखेको छ । शैक्षिक अवलोकन भ्रमण कार्यक्रम बुटवलको नेपालकै नमूना विद्यालयमा गनिएको कालिका मानविज्ञान मा.वि र कान्ति मा.वि. त्यस्तै गरी चितवनको नेपाल नमूना मा.वि. लगायतका विद्यालयको भ्रमणको प्रस्ताव स्वीकृत भएको देखिन्छ।तर भ्रमण प्रतिवेदन तथा अन्य प्रमाण कागजातहरु हेर्दा इलाम भ्रमण गएको देखिंदा एक ठाउँको भ्रमण प्रस्ताव स्वीकृत गरी अर्को ठाउँको भ्रमण गरेको नियम सम्मत मान्न नसकिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,५०,००० |

१८.११(७७७-२०८१-३-२४):

**ज्ञानोदय मा. वि. व्यवस्थापनः** सार्वजनिक खरिद नियमावली २०७७ को नियम ४१ (ख) मा अधिकार प्राप्त अधिकारीले आर्थिक कारोबार प्रचलित कानून बमोजिम भएको र खर्चको लागी आवश्यक प्रमाण पुगेको सुनिश्चित भएर मात्र सरकारी रकम खर्च गर्नुपर्ने ब्यबस्था रहेको छ।पालिकाले ज्ञानोदय मा.वि.व्यवस्थापन शिर्षकमा रु.८०००००/- अनुदान खर्च लेखेको छ । विद्यालयले ११ र १२ कक्षामा अतिरिक्त अध्यापन गराए वापतको पारिश्रमिक भुक्तानी गरेको खर्च लेखेता पनि कुन समयमा, कुन शिक्षकले कुन विषयको कति पिरियड कक्षा सञ्चालन भएको हो सो व्यहोरा खुलाएको छैन । विद्यालयले कक्षागत विवरण अनुसारको कक्षा सञ्चालन भएको व्यहोरा पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,००,००० |

१९ **स्वास्थ्य तर्फः**

**औषधि खरिद**: यस पालिकाको आ.व. २०८०/८१ मा औषधी खरिदको अबस्था देहाय अनुसार रहेको छ।

• आपूर्ति हुने औषधि डब्लु.एच.ओ. GMP सर्टीफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नम्बर र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन (निशुल्क वितरण) भनि खुलाएको प्रमाण समावेश नभएको।

• आपूर्ति भएका औषधी एबं सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण

औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिम्मेवारी सारी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । पालिकाबाट प्राप्त विवरण अनुसार प्रदेश स्वास्थ आपुर्ती ब्यवस्थापन केन्द्र तथा स्वास्थ सेवा बिभागवाट आपुर्ती गरिएका औषधी मूल्य नखुलाई आपुर्ती गरिएको साथै म्याद भुक्तानी समय कम रहेका औषधी आपुर्ती गरिएको र मागको आधारमा आपुर्ती नगरीएको कारण औषधिको मौज्दात वढी रहेको पालिकाको भनाई रहेकोले मौज्दातको अवस्था हेरेर मात्र औषधी आपुर्ती गर्नुपर्ने देखिन्छ ।

२० **कृषि तथा पशु कार्यक्रमको अनुदानः**

२०.१ **कृषि तथा पशुमा अनुदान**: कृषिसँग सम्बन्धित सहकारी तथा संघ संस्थाहरुलाई कृषि विकासका लागी प्रदान गरिने अनुदान कार्यक्रम कार्यान्वयन निर्देशिका २०७३ को बुँदा नम्बर ७ मा अनुदान दिने सार्बजनिक निकायको जिम्मेबारी सम्बन्धी ब्यबस्था गरेको छ । निर्देशिकाको बुँदा नम्बर ७.२ मा अनुदानको कार्यान्वियन गर्न गराउन नियमित रुपमा सुपरीबेक्षण अनुगमन तथा गुणस्तर नियन्त्रण गरी वा गराई निर्धारित समयमा कार्य सम्पन्न हुने सुनिश्चितता गर्नु सम्बन्धित सार्बजनिक निकायको प्रमुखको कर्तब्य हुने उल्लेख छ । पालिकाले उपलब्ध गराएको सरकारी अनुदान रकमको वितरण सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी पूँजी निर्माण गर्ने उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ । यस वर्ष कृषि तथा पशु कार्यक्रम अन्तर्गत संचालित केही कार्यक्रमहरु देहाय अनुसार छन्।

| क्र.सं. | कार्यक्रमको नाम | लाभग्राही संख्या जना | अनुदान रकम (रु) |
|---|---|---|---|
| १ | डाले घाँसको विरुवा वितरण | ६५७ | १००००० |
| २ | एक वर्षे घाँसेवाली तर्फ जै, भेज सुडान तथा बर्सिम घाँसको बिउँ खरिद वितरण | | १००००० |
| ३ | पशुहरुमा बाह्य परजिवी नियन्त्रण गर्न डिपिङ ट्याङ्क स्थापना कार्यक्रम | ३ वटा वडाहरु | १००००० |
| ४ | घुम्ती गोठलाई ५० प्रतिशत अनुदानमा त्रिपाल वितरण | ६ | ५०००० |
| ५ | आ.व. २०७९/८० मा स्थापना बाख्रा पकेट विकास कार्यक्रम निरन्तरता | ७ | ७००००० |
| | जम्मा | | १०५०००० |

पालिकाले अनुदान वितरण पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदानवाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । अनुदान रकम विभिन्न तरिकावाट साना- साना कार्यक्रम बनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत बृद्धि नगर्ने हुँदा ठूला अनुदानका कार्यक्रम सञ्चालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्छ । साथै अनुगमन प्रभावकारी बनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरेर लिखित प्रतिवेदन समेत लिनुपर्दछ । पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेर मात्र अनुदान दिने नीति तय गरेको देखिएन । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्दछ । साथै कृषि तथा पशु सम्बन्धी केही कार्यक्रमहरु बिनालागत सहभागीतामा समेत सञ्चालन हुने गरेकोमा सबै कार्यक्रममा अनिवार्य लागत सहभागिता गराएर कृषकको स्वामित्व कायम गराई अनुदानको प्रभावकारी उपयोग गराउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

२०.२ **विगत वर्ष दिएको अनुदानको उपयोगः** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय-समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि सेवामा रु. ८२ लाख अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई

संघ प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

| क्र.सं. | अनुदान दिएको आ.ब. | अनुदान क्षेत्र | कार्यक्रम संख्या | कार्यक्रमको नाम | अनुदान रकम |
|---|---|---|---|---|---|
| १ | २०७९/८० | कृषि | ५ | स्थापना आलु पकेट | ९ लाख |
| | | | | मिनीटिलर वितरण | ४ लाख |
| | | | | मौरी घार वितरण | ४ लाख |
| | | | | स्थाइ प्लाष्टिक टनेल निर्माण | ८ लाख |
| | | | | अस्थाइ टनेल वितरण | ४ लाख |
| २ | २०७८/७९ | कृषि | २ | आलु बाली पकेट | १० लाख |
| | | | | धान बाली पकेट | १० लाख |
| ३ | २०७७/७८ | कृषि | २ | आलु बाली पकेट २ | २० लाख |
| | | | | धान बाली पकेट | १० लाख |
| | | | | मिनीटेलर वितरण | ३ लाख |
| | | | | जम्मा | ८२ लाख |

अत: अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी लक्ष्यित वर्गको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

२०.३ **अनुदान व्यवस्थापनः** पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि पशु लगायतका क्षेत्रमा देहाय बमोजिम अनुदान वितरण गरेको छ।

| क्र.सं. | अनुदान क्षेत्र | कार्यक्रम संख्या | अनुदान रकम |
|---|---|---|---|
| १ | कृषि तर्फ | १८ | ५६४९९०० |
| २ | पालिकाको | ११ | ३५५०००० |
| ३ | शसर्त | ४ | २०९९९०० |
| ४ | पशु तर्फ | १३ | २३००००० |
| | | जम्मा | १३५९९८०० |

उपरोक्त विवरण अनुसार यस पालिकाले यो वर्ष कृषि पशु लगायतका क्षेत्रमा रु.१३५९९८००/- अनुदान वितरण गरेको छ । अनुदान वितरण पश्चात अनुगमन प्रभावकारी रुपमा गरी उपलब्धी मापन गरेको नदेखिएकोले अनुदानको सदुपयोग भएकोमा सम्बन्धमा आस्वस्त हुन सकिएन । अतः अनुदान वितरणसंगै अनुगमन संयन्त्र बलियो बनाई अनुदानको अपेक्षित रुपमा सदुपयोग भए- भएको एकिन गर्नु पर्दछ ।

२०.४ **कृषि उत्पादनमा आधारित अनुदानः** ढोरपाटन नगपालिकाको उत्पादनमा आधारित नगद अनुदान सञ्चालन कार्यविधि, २०८१ को बुँदा नं. ४(क) मा कृषकहरुलाइ बिक्रीको आधारमा वडा कार्यालय, सहकारी समुह, संकलन केन्द्रको अभिलेख सहितको सिफारिसको आधारमा अनुदान प्राप्त गर्नको लागि वडा समिति/कृषि संकलन केन्द्र मार्फत विक्री गरेको हुनुपर्ने साथै बुँदा नं. ५(क) मा कृषकहरूलाई नगरपालिकाले निर्धारण/स्विकृत गरेको औषत विक्रि मूल्य रकमलाई कृषकको कुल बिक्रि परिमाणले गुणा गर्दा आउने कुल रकमको १० प्रतिशत बमोजिमको रकम अनुदान उपलब्ध गराईने अथवा निर्धारित प्रति ईकाई अनुदान रकमलाई कुल बिक्रि परिमाणले गुणा गर्दा आउने कुल रकम अनुदान उपलब्ध गराईने व्यबस्था रहेको छ । पालिकाले गो. भौ. नं. ७६४- २०८१/३/१९ बाट देहाय बमोजिमका

विभिन्न वडाका ९४ जना कृषकहरुको खातामा नगदै जम्मा हुने गरी रु.६७००००/- उत्पादनमा आधारित अनुदान वितरणमा खर्च लेखेको छ । पालिकाको कार्यविधि अनुसार कृषकलाइ उत्पादन र विक्रीको आधारमा प्रोत्साहन अनुदान दिने व्यस्था गरेको भएतापनि अनुदान प्राप्त कृषकहरुले के कति परिमाणमा कृषि उपज उत्पादन गरेका र के कति विक्री गरेको सो व्यहोरा खुल्ने कुनै प्रमाण कागजात पेश गरेको छैन भने उक्त अनुदान वितरणको अनुगमन गरेर पालिकाले अनुगमन प्रतिवेदन समेत पेश नगरेकोले कृषकलाई उत्पादन र विक्रीमा आधारित अनुदान वितरण गरेको जनाई खर्च लेखेको रु.६७००००/- अनियमित देखिएको रु..

| वडा नं. | कृषक संख्या | रकम |
|---|---|---|
| १ | ८ जना | ६०००० |
| २ | २२ जना | १४०००० |
| ३ | २१ जना | १२५००० |
| ४ | ३ जना | २०००० |
| ५ | २३ जना | १७०००० |
| ६ | ४ जना | ३५००० |
| ७ | ४ जना | ६०००० |
| ८ | २ जना | २०००० |
| ९ | ७ जना | ४०००० |
| जम्मा | ९४ जना | ६७०००० |

| | |
|---|---|
| अनियमित भएको | ६,७०,००० |

२१ **सामाजिक सुरक्षा तर्फः**

२१.१ **भत्ता वितरण:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने भत्ता वितरण गर्दा बैंक मार्फत गर्नुपर्ने सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले लाभग्राहीलाइ सामाजिक सुरक्षा भत्ता वापत यस वर्ष कूल रु.१३११४१६७३/- वितरण गरेको छ । लेखापरीक्षण योजना अनुसार सबै भन्दा बढी भत्ता वितरण गरिएको २ वटा वडाहरु वडा नं ३ र ५ को परीक्षण गरिएकोमा निम्न व्यहोरा देखियो ।

| | पहिलो त्रैमासिक | | कोलोनीका फिर्ता रकम | दोस्रो त्रैमासिक | | कोलोनीका फिर्ता रकम | तेस्रो त्रैमासिक | | कोलोनीका फिर्ता रकम | चौँथो त्रैमासि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | | वितरण गरेको संङ्ख्या | वि र |
| अन्य जेष्ठ नागरिक भत्ता | १६०५ | १९१३४३६९ | १६२७७ | १६६६ | १९७५४०५३ | ५३४६६ | १६९५ | २०१३०२११ | १८८०० | १७३८ | २ |
| जेष्ठ नागरिक भत्ता (दलित) | ५६६ | ४४५०१८० | ० | ५७५ | ४५२२२६६ | ५१४३ | ५८९ | ४६०२९४० | ३१९२ | ५७८ | ४ |
| जेष्ठ नागरिक एकल महिला | १७५ | १३८५८६० | ० | १७२ | १३७२५६० | ० | १७४ | १३८०५४० | ० | १७० | १ |
| जेष्ठ नागरिक क्षेत्र तोकिएका | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| विधवा | ३४५ | २७२९१६० | ० | ३६४ | २८४८८६० | ० | ३७६ | २९७३८८० | ० | ३८८ | ३ |
| पूर्ण अपाङ्गता भत्ता | ८५ | १०१६१२० | ० | ९२ | १०६१३४० | ० | ९३ | १११३२१० | ० | ९२ | १ |
| अति अशक्त अपाङ्गता भत्ता | १२८ | ८१३४२८ | ० | १३५ | ८५३३२८ | १०६४ | १३५ | ८६१८४० | ० | १३७ | ८ |
| क्षेत्र तोकिएका बालबालिका | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| लोपन्मूख बालबालिका | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| दलित बालबालिका | १३११ | २०१७७९२ | | १४१५ | २१३८४३८ | ० | १४४८ | २२१५०५५ | ० | १४७१ | २ |
| लोपन्मुख जाति | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | ४२१५ | ३१५४६९०९ | १६२७७ | ४४१९ | ३२५५०८४५ | ५९६७३ | ४५१० | ३३२७७६७६ | २१९९२ | ४५७४ | ३ |

२१.२ **निस्क्रिय खाता तथा लगत कट्टा:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ (५) अनुसार सामाजिक सुरक्षा खाता सञ्चालन गर्ने वैंकले खाताहरु मध्ये निस्क्रिय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र दिनुपर्ने र कार्यविधिको दफा २६ (३) अनुसार लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न

योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भूक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । वैंकले निष्क्रिय खाता/डमी खाता तथा लगत कट्टा गरेको विवरण उपलब्ध नगराएकाले वितरित रकम यकिन हुन सकेन । पालिकाले वैंकबाट सो विवरण लिई लगत कट्टा तथा अन्य प्रकृया पूरा गरी भत्ता वितरण कार्यलाई यथार्थपरक बनाउनुपर्दछ ।

२२ **उपभोक्ता समिति मार्फत निर्माणः**

२२.१ **नगद भुक्तानी:** आर्थिक वर्ष २०७४/०७५ को बजेट वक्तव्यको नं. १८३ वाट राज्यकोषवाट हुने तलव भत्ता लगायतका सबै भुक्तानी सम्वन्धित व्यक्ति तथा संस्थाको वैंक खाता मार्फत हुने व्यवस्था गरिएको अर्थ मन्त्रालयको प.सं. २०७४/०७५ मार्गदर्शन च.नं. १०९६ मिति २०७४/०२/१६ को पत्रको प्रकरण ४४ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको अनिवार्य रुपमा बैंक खाता खोल्ने व्यवस्था मिलाई सो वापतको रकम बैंक खातामा जम्मा गरी भुक्तानी दिन निर्दिष्ट गरिएको तथा श्रमिकले पाउने पारिश्रमिक रोजगारदाता कम्पनीले अनिर्वाय बैंक खाताबाट भुक्तानी गर्नुपर्ने । नेपाल सरकार प्रदेश तथा स्थानीय तह विश्वविद्यालय नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थान समिति परियोजना प्रतिष्ठान र मातहतका निकायमा काम गर्ने सबै श्रमिक तथा कर्मचारीको पारिश्रमिक एवं वित्तीय सुविधा २०७५ श्रावण १ बाट बैंकिङ्ग च्यानल बाट भुक्तानी गर्नु पर्ने ब्यवस्था भएकोमा नगरपालिकाले उपभोक्ता समिति मार्फत भएको कामको भुक्तानी दिंदा दैनिक ज्यालादारी रकम एकमुष्ट भुक्तानी गर्दा समेत बैंकिक खाता मार्फत भुक्तानी भएको नदेखिएकोले यसमा सुधार गर्नु पर्दछ ।

२२.२ **उपभोक्ता समितिको काममा मेशिनको प्रयोग:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(१)मा उपभोक्ता समिति वा लाभग्राही समुह सहभागी गराई निर्माण कार्यको खरिद गर्न सक्ने र दफा ४४ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्बन्धि सेवा प्राप्त गर्दा मितव्ययिता गुणस्तरीयता वा दिगोपना अभिवृदि हुने भएमा वा परियोजनाको मुख्य उदेश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा समिति वा लाभग्राही समुदायलाई तोकिएबमोजिम कार्याविधि पुरा गरी त्यस्तो कार्य गर्न वा सेवा लिन सकिन्छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, ऐक्साभेटर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीब्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशिनहरु प्रयोग गर्न सकिने छैन तर लागत अनुमान तयार गर्दाको समयमा हेभि मेशिन प्रयोग गर्नु पर्ने जटिल प्रकृतिको कार्यमा प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई मात्र मेशिन प्रयोग गर्न सकिनेछ व्यवस्था रहेको छ । सोही नियमावलीको नियम ९७ को उपनियम (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्र्याक्टरबाट गराउन सकिने छैन भनी उल्लेख भएतापनि यस पालिकाले नगरपालिका पुँजीगत बाट उपभोक्ता समिति मार्फत देहाय अनुसारका योजना सञ्चालन गर्दा उपभोक्ता समितिले कुनैपनि कार्य नगरी योजनाको शत प्रतिशत काम डोजर/एक्साभेटर प्रयोग गरेको बिजक पेश गरेको आधारमा रु.१३१०९४१५/- भुक्तानी गरेको छ । यस्ता योजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालन गरेको जनाएतापनि स्थानीय स्तरमा कुनै रोजगारी सिर्जना भएको र स्थानीय स्रोत साधनको समेत उपयोग भएको देखिएन । अत: यस्ता योजना सञ्चालनमा उभोक्ता समिति संलग्न हुनुपर्ने आवश्यकता समेत नदेखिंदा यस्ता किसिमका योजनाहरु नगरपालिका आफैले सञ्चालन गर्नु उपयुक्त हुने देखिन्छ । वर्षान्तमा सञ्चालन गर्नुपर्ने अति आवश्यक र विपद व्यवस्थापनको कार्य आकस्मिक रुपमा गर्नुपरेका कारण खरिद प्रक्रिया अबलम्बन गर्दा ढिला हुने हुँदा केहि योजनाहरुमा डोजर/एक्साभेटर प्रयोग गरेर उपभोक्ता समिति मार्फत कार्य गर्नुपरेको कार्यालयले जनाएको छ । उपभोक्ता समिति मार्फत सञ्चालन गरिएको तर योजनाको काममा सत प्रतिशत काम हेभि ईक्युपमेन्ट प्रयोग गरेर बिल बमोजिमको रकम भुक्तानी गरेको अनियमित देखिएको रु..

| सि.नं. | गो भौ नं.र मिति | योजनाको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | १५-२०८०/०६/२७ | चालघाट चित्रेघाट मोटरबाटो निर्माण उ.स. | २८८००० |
| २ | ४९-२०८०/१०/०७ | वडा नम्बर-९ अन्तर्गतका मोटरबाटो सरसफाई उ.स. | २८८००० |
| ३ | ५०-२०८०/१०/०७ | मोम्ला बिजौरे मोटरबाटो सरसफाई उ.स. | १४४००० |
| ४ | ५४-२०८०/१०/१२ | वडा नम्बर-५ अन्तर्गतका सम्पूर्ण मोटरबाटो सफाई उ.स. | ९६०००० |
| ५ | ५७-२०८०/१०/१९ | भैंसी खर्क मोटरबाटो निर्माण उ.स. | ९६००० |
| ६ | ७३-२०८०/११/१३ | हुम्र फेदी ईजर मोटरबाटो निर्माण उ.स. | ४८०००० |
| ७ | ७५-२०८०/११/१३ | भैसखर्क ठूलो चौरी कापलबोट बाटो निर्माण उ.स. | २८८००० |
| ८ | ७७-२०८०/११/१५ | पुरानो गाउँ मोटरबाटो निर्माण उ.स. | ४८०००० |
| ९ | ७९-२०८०/११/१५ | वडा नम्बर ३ मा घाट र मोटरबाटो सरसफाई तथा स्तरोन्नती उ.स. | ९६०००० |
| १० | ८९-२०८०/११/१६ | वडा नम्बर-६ अन्तर्गतका मोटरबाटो सफाई उ.स. | ३४९५५० |
| ११ | ९४-२०८०/११/२० | सिमलचौर मोटरबाटो निर्माण उ.स. | १९२००० |
| १२ | १०७-२०८०/११/२२ | नौबिसेदेखी पैंयुखोला मोटरबाटो निर्माण उ.स. | ९६००० |
| १३ | १०९-२०८०/११/२२ | अलमधारा कमिरे पानी मोटरबाटो निर्माण उ.स. | १९२००० |
| १४ | ११०-२०८०/११/२२ | नौबिसे सुब्जा गाउँ जोड्ने मोटरबाटो निर्माण उ.स. | ३८४००० |
| १५ | ११३-२०८०/११/२३ | वडा नम्बर-२ अन्तर्गतका मोटरबाटो सरसफाई उ.स. | ९६०००० |
| १६ | ११४-२०८०/११/२३ | वडा नम्बर-९ बस्ती संरक्षण उ.स. | ९६०००० |
| १७ | १२४-२०८०/११/२४ | भित्रेबन घाँटी मोटरबाटो निर्माण उ.स. | १८३७५४ |
| १८ | १३८-२०८०/१२/२७ | सरस्वती मा.वि. ग्राण्ड सम्याउने उ.स. | १३२६९९ |
| १९ | १६४-२०८१/०१/१३ | सिंगायो गाडीलुङ मोटरबाटो निर्माण उ.स. | ६५७७६१ |
| २० | १९६-२०८१/०१/२५ | वडा नम्बर-७ अन्तर्गतका मोटरबाटो सरसफाई तथा मर्मत उ.स. | ९६००० |
| २१ | २४५-२०८१/०२/२० | मुवाङ देखि रिखुवा मोटरबाटो निर्माण उ.स. | ४७४४३९ |
| २२ | २८७-२०८१/०२/३२ | लुकुरबन धिरी फलामखानी सडक स्तरोन्नती उ.स. | ३८१७९३२ |
| २४ | ३६५-२०८१/०३/२१ | उपल्लो चिलाउने बल्टुबोट पहिरो सफाई उ.स. | ८५४७० |
| २५ | ४०२-२०८१/०३/२४ | चुरेलाबास समाज घर पहिरो जोखिम व्यवस्थापन उ.स. | ५४३८१० |
| | | जम्मा | १३१०९४१५ |

| | |
|---|---|
| अनियमित भएको | १,३१,०९,४१५ |

२२.३ **मन्दिर गुम्बा र चर्च निर्माणः** पालिका भित्र रहेका मन्दिर गुम्बा र चर्चको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | धार्मिक स्थलको प्रकार | २०७९/०८० सम्मको संख्या | २०८०/०८१ मा थप संख्या | पालिकाको अनुदान रकम | |
|---|---|---|---|---|---|
| | | | | संख्या | रकम |
| १. | मन्दिर | ११ | ५ | १६ | ९५०००० |
| २. | गुम्बा | ३ | - | ३ | २८००००० |
| ३. | चर्च | ४ | १ | ५ | १४००००० |
| | | | | जम्मा | १३७०००००० |

पालिकाले उपभोक्ता समिति मार्फत आर्थिक वर्ष २०७९/८० देखी २०८०/०८१ सम्म रु. १३७०००००/- मा निर्माण गरेका मन्दिर, चर्च र गुम्बा लगायतका धार्मिक स्थल/संपदा उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको कारण पालिकामा मर्मत संभार लगाएतको दायित्व सृजना हुने देखियो ।अतः उपभोक्ता समितिले निर्माण गरेका योजना उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नु पर्दछ ।

२२.४ **हेभी इक्विपमेण्टको प्रयोग:** उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा सार्वजनिक खरिद कानूनले तोकेको प्रक्रिया पूरा गरे नगरेको परीक्षण गर्नु पर्ने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालन हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावली,को प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावली,को व्यवस्था अनुसार सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । अत: पालिकाले लाभग्राही समुदायबाट योजना सञ्चालन गर्दा हेभी मेशिन प्रयोग गर्नै पर्ने अबस्था आईपरेमा नियमावली,ले तोकेको व्यवस्था अनुसार सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएर मात्र कार्य गराउनु पर्दछ ।

२२.५ **उपभोक्ता समिति मार्फत सरकारी भवन निर्माण कार्यः** सार्वजनिक खरिद ऐन, २०६४ को दफा ४४ मा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मूख्य उद्देश्य नै रोजगारीको श्रृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा मात्र त्यस्तो आयोजना उपभोक्ता समिति मार्फत सञ्चालन गरिन सकिने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट कार्य गराउन सकिने व्यवस्था छ । यो वर्ष नगरपालिकाले देहाय अनुसारका वडा कार्यालयहरुको भवन तथा अन्य पुर्वाधार निर्माण सम्बन्धी कार्य उपभोक्ता समिति मार्फत निर्माण गरी रु.६६००००/- भुक्तानी गरेर उपभोक्ता प्रत्यक्ष रुपमा सहभागी नहुने र उक्त कार्यबाट हुने लाभ हानीमा उपभोक्ताले सहभागिता जनाउनु नपर्ने कार्यमा पनि उपभोक्ता समिति मार्फत कार्य गराईएको पाईयो । यसरी उपभोक्ता प्रत्यक्ष रुपमा सहभागी नहुने कार्यमा उपभोक्ता समिति मार्फत कार्य गराउने परिपाटीमा नियन्त्रण गरि पालिकाको आफ्नो संरचना आफै निर्माण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| सि.नं. | भौचार नम्बर र मिति | योजनाको नाम | रकम |
|---|---|---|---|
| 1 | १२०-२०८०/११/२४ | वडा नम्बर-८ कार्यालय भवन निर्माण उभोक्ता समिति | ९५७००० |
| 2 | १७६-२०८१/०१/२३ | वडा नम्बर-३ को सामा आधारभुत स्वास्थ्य शाखामा सभाहल निर्माण उ.स. | ४८०००० |
| 3 | १९२-२०८१/०१/२४ | वडा नम्बर-९ को वडा कार्यालय ग्राउण्ड सम्याउने उ.स. | ६०२६७७ |
| 4 | १९४-२०८१/०१/२५ | वडा नम्बर-९ को वडा कार्यालय भवनमा घेराबार उ.स. | ४४०५५२ |
| 5 | २१६-२०८१/०२/०४ | वडा नम्बर-६ मा वडा कार्यालयको स्टोर तथा खानेपानी टंकी निर्माण उ.स. | १२४८०० |
| 6 | २१८-२०८१/०२/०४ | वडा नम्बर-३ मा क्रमागत भवन निर्माण उ.स. | १९२०००० |
| 7 | २३३-२०८१/०२/०७ | वडा नम्बर-९ को वडा कार्यालय भवन निर्माण उ.स. | १७८४६१३ |
| 8 | २४४-२०८१/०२/२० | वडा नम्बर-२ को वडा कार्यालय भवन निर्माण उ.स. | ६६०००० |
| 9 | ३८९-२०८१/०३/२३ | वडा नम्बर-८ को वडा कार्यालय भवन निर्माण उ.स. | २४८९३९२ |
| | | जम्मा | ९४५९०३४ |

२३ **विद्यालयलाइ अनुदानः**

२३.१ (४६८-२०८१-३-२४):

**नमुना विद्यालयलाइ अनुदानः** शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका २०८०/८१ को क्रियाकलाप नं २.७.१३.१३ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यन्वयनका लागि कार्यसम्पादनमा आधारित अनुदानको रुपमा प्रति विद्यालय ३० लाख देखि ६० लाख सम्म निकासा दिन सकिने व्यवस्था रहेको छ । त्यस्तै यस आ. व. मा सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयबिच सम्झौता गरी शैक्षिक सत्र २०८० को शैक्षिक तथ्याङ्कमा १००० सम्म विद्यार्थी भए प्रति विद्यालय ३० लाख यस शिर्षकबाट अनुदान उपलब्ध गराउने र उक्त रकम विद्यालयको गुरुयोजना अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी यसरी विद्यालयलाई उपलब्ध गराएको अनुदानको पालिकाले नियमित अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । तर पालिकाले नमूना विद्यालयको रुपमा रहेको उत्तरगंगा मा.वि.लाइ शैक्षिक गुणस्तर सुदृढिकरण कार्यक्रम अन्तर्गत ल्यापटप, टेलिभिजन, ब्याट्री लगायत रु.२२७१५१३/- मूल्यका विभिन्न सामाग्रीहरु खरिद गरी विद्यालयलाइ हस्तान्तरण गरेको जनाएको छ । पालिकाले सामाग्री हस्तान्तरण गरेको भएता पनि विद्यालयले आफ्नो जिन्सी खातामा आम्दानी बाँधेको देखिएन । तसर्थः उक्त सामाग्रीहरु सम्बन्धित विद्यालयको जिन्सी खातामा आम्दानी बाँधेको र उक्त अनुदानको उपयोग सम्बन्धमा पालिकाले अनुगमन गरेको प्रतिवेदन समेत पेश गर्नुपर्ने रु..

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २२,७१,५१३ |

२३.२ (२४०-२०८१-१-१):

**सिकाइ सामाग्री व्यवस्थापनका लागि अनुदान:**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१३१,४६३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२४ **प्रधानमन्त्री रोजगार कार्यक्रम:**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका भित्रका ९ वडामा ३५ योजना सञ्चालन गरी यस वर्ष ८६ जनालाई औषत ९२.९८ दिनले १०० दिन रोजगारी उपलव्ध गराई रु.५३४१९९६/- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । पालिकाले योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्ष्यित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

२५ **नगरपालिका चालुतर्फः**

२५.१ **शिर्षक फरक पारेको खर्चः** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ (२ क.) मा स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शिर्षकमा परेको र खर्च गर्न बाँकी रहेको रकम मात्र अधिकार प्राप्त अधिकारीले खर्च गर्न मिल्ने व्यवस्था रहेको छ । सोही नियमावलीको नियम ३९ (१) मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमा भित्र रहेर खर्च गर्नु पर्दछ र नियम ३९ (२) मा चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्नु हुँदैन भन्ने व्यवस्था रहेको छ । पालिकाले संघीय शसर्त तर्फको स्थानीय तहका स्वास्थ्य शाखा स्वास्थ्य चौकी प्राथमिक स्वास्थ्य केन्द्र अस्पताल तथा आयुर्वेद औषाधलयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसारको तलब, महगी भत्ता र पोषाक भत्ता (८०४४५४०३५११) शिर्षक बाट देहाय बमोजिम भुक्तानी गरेको रु.६६०८५५/- नियम सम्मत नदेखिएको रु..

| गो. भौ. नं./ मिति | खर्चको विवरण | रकम |
|---|---|---|
| १५४-०८०/१०/१० | घरभाडा भुक्तानी | ८६४०० |
| २०७-०८०/१२/२६ | घरभाडा भुक्तानी | ४३२०० |
| २०८-०८०/१२/२६ | सामाग्री खरिद/प्रशासनिक खर्च | ३९१०० |
| २४९-०८१/१/१६ | औषधि खरिद | ४९२१५५ |
| जम्मा | | ६६०८५५ |

| अनियमित भएको | ६,६०,८८५ |
|---|---|

२५.२ **प्रमाण कागजात बेगरको भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०७७ को नियम ४१ (ख) मा अधिकार प्राप्त अधिकारीले आर्थिककारोबार प्रचलित कानून बमोजिम भएको र खर्चको लागी आवश्यक प्रमाण पुगेको सुनिश्चित भएर मात्र सरकारी रकम खर्च गर्नुपर्ने ब्यबस्था रहेको छ। पालिकाले देहाय बमोजिम खर्च लेख्दा आवश्यक प्रमाण कागजात वेगर रु.३०९०३६/- खर्च लेखेकोले आवश्यक प्रमाण पेश गर्नुपर्ने रु.

| गो. भौ. नं/ मिति | कार्यक्रमको विवरण | खर्च रकम | कैफियत |
|---|---|---|---|
| १६२-०८०/१०/२५ | खुङ्गा स्वास्थ्य चौकी स्तनपान कक्ष निर्माण | ५८८३२ | निर्माण सम्पन्न प्रतिवेदन नभएको |
| २५५-०८१/०१/१६ | खुङ्गा स्वास्थ्य चौकी किशोर किशोरी कक्ष निर्माण | ६७९०७ | निर्माण सम्पन्न प्रतिवेदन नभएको |
| २८९-०८१/०२/०५ | सामाग्री खरिद | ८५२९७ | दाखिला प्रतिवेदन नभएको |
| ८४९-०८१/०३/२४ | फलफूल विरुवा खरिद | ९७००० | विरुवा वितरणको प्रमाण नभएको |
| | जम्मा | ३०९०३६ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,०९,०३६ |

२५.३ (८३०-२०८१-३-२३):

**डकुमेन्ट्री प्रसारणः** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (ख) मा अधिकार प्राप्त अधिकारीले आर्थिक कारोबार प्रचलित कानून बमोजिम भएको र खर्चको लागी आवश्यक प्रमाण पुगेको सुनिश्चित भएर मात्र सरकारी रकम खर्च गर्नुपर्ने ब्यबस्था रहेको छ । पालिकाले द एफ्लो लाइट्स स्टुडियोलाइ कोटेशन मार्फत रु.४९८३३०/- मा ढोरपाटन डकुमेन्ट्री निर्माण वापत रकम उपलब्ध गराएकोमा सो डकुमेन्ट्री ब्रोडकास्ट भएको नदेखिएकोले डकुमेन्ट्रि निर्माणको उपयोगिता देखिएन।अतः डकुमेन्ट्री प्रसारण भएको लगसिट समेतको प्रमाण भएको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९८,३३० |

२५.४ **अतिरिक्त समय भत्ताः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। त्यस्तै अर्थ मन्त्रालय कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र विदाको दिनमा काम गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई मात्र खाजा खाना वापतको रकम भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । पालिकाले कार्यविधि बनाएर सो कार्यविधिमा तोके अनुसार यो बर्ष विहान वेलुका र सार्वजनिक विदाको दिन खट्ने कर्मचारीहरुको लागि प्रोत्साहन वापतको रकम रु.७२३०९२/- खर्च लेखेको कारण आर्थिक व्ययभार बढ्न गएको देखिन्छ । यसरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गरी आन्तरिक आयलाई समेत ध्यानमा राखेर खर्च गर्नुपर्दछ ।

२५.५ (६९५-२०८१-३-१६):

**बैठक भत्ताः** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । पालिकाले तपसिलका भौचरबाट विभिन्न टेण्डरका सुचना आव्हान देखि अन्त सम्मको कार्यको लागि बैठक वसेको आधारमा बैठक भत्ता वितरण गरेकोमा संयोजक नैं अनुपस्थित भएको अवस्थामा बैठक बसी निर्णय लिएको नियम सम्मत नदेखिएकोले रकम रु.१२७५/- असुल गर्नुपर्ने रु..

| गो. भौ. /मिति | विवरण | भुक्तानी लिनेको नाम | असुल गर्नुपर्ने रकम |
|---|---|---|---|
| ६९५-०८१/३/१६ | उतरगंगा मा. वि. आरसिसि भवन निर्माण | रविन्द्र भण्डारी | १२५७ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,२५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,२५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,२५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,२५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,२५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,२५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,२५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२५७ |

२६ **राजश्व तथा आन्तरिक आयः**

२६.१ **आय ठेक्काः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२.घ.६) मा स्थानीय तहले आफ्नो क्षेत्रभित्रका ढुङ्गा, गिट्टी, बालूवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरिढुङ्गा आदी प्राकृतिक एवं खानीजन्य बस्तुको बिक्री तथा निकासी शुल्क तथा दस्तुर संकलन गर्न सक्ने ब्यबस्था गरेको छ । त्यसैगरी अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ (३) मा स्थानीय तहले स्थानीय कानून बमोजिम अनुसूची १ मा उल्लेखित कर तथा गैरकर लगाउन र उठाउन पाउने व्यवस्था रहेको छ । पालिकाले तपशिलका ३ वटा आय ठेक्कामा नगरपालिकाले कवोल अंक रु.१००३०००/- मा सकार गरेको र सोही बमोजिम दाखिला गरेकोमा सो कबोल अंक को मु.अ.कर रु.१३०३९०/- तथा अग्रिम आयकर रु.१५०४५/- समेत रु.१४५४३५/- असुल नगरेकोले असुल गरी दाखिला गर्नुपर्ने रु.

| विवरण | ठेकेदारको नाम | सम्झौता रकम | मु.अ.कर रकम | अग्रिम आयकर रकम | जम्मा असुल गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|
| कवाडी कर | मोतिलाल वि.क. | ५०२००० | ६५२६० | ७५३० | ७२७९० |
| बसपार्क ठेक्का | उत्तरगंगा बहुउद्धेश्यीय प्रा.ली. | ६९००० | ८९७० | १०३५ | १०००५ |
| ढोरपाटन सामुदायिक होटल सञ्चालन | रिडी ग्रुप लिमिटेड | ४३२००० | ५६१६० | ६४८० | ६२६४० |
| | जम्मा | १००३००० | १३०३९० | १५०४५ | १४५४३५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४५,४३५ |

२६.२ **कर तथा शुल्क असुलीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| क्र.सं. | आम्दानी शीर्षक | अनुमान रकम | आम्दानी रकम |
|---|---|---|---|
| १ | एकीकृत सम्पती कर | १०००००० | ३२०८१८५ |
| २ | वहाल कर | ५०००००० | १७७२६११ |
| ३ | वहाल विटौरी कर | ० | १९०६०१६ |
| ४ | भूमी कर / मालपोत | ३०००००० | १७९५२१६ |
| ५ | परीक्षा शुल्क | २००००० | २०९०० |
| ६ | अन्य प्रशासनिक सेवा शुल्क | २००००० | ३१२००० |
| ७ | नक्सापास दस्तुर | ५००००० | १५० |
| ८ | सिफारिश दस्तुर | १०००००० | ३९२२९९५ |
| ९ | व्यक्तिगत घटना दर्ता दस्तुर | ५००००० | ३११०७८ |
| १० | नाता प्रमाणित दस्तुर | ३००००० | ३०२२१ |
| ११ | अन्य दस्तुर | १८००००० | ६७७४५४ |
| १२ | प्रदुषण नियन्त्रण शुल्क | ० | ३०६१० |
| १३ | अन्य राजस्व | १००००००० | १९३५९४७ |
| १४ | व्यवसाय कर | १५००००० | १६०७३३२ |
| | जम्मा | २५०००००० | १७५३०७१५ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं करदाता कर बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

२६.३ **आन्तरिक आय र खर्चको विश्लेषणः** पालिकाको यस आर्थिक वर्षको आन्तरिक आय र खर्चको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.स. | आर्थिक वर्ष | आन्तरिक आय रु | पालिकाको जम्मा खर्च रु | खर्चको तुलनामा आयको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०/०८१ | १७५३०७१४ | ४८५३९१००० | ३.६१ |

पालिकाको यस आर्थिक वर्षको जम्मा खर्च रु. ४८५३९१०००/- रहेको छ भने राजश्व संकलन रु. १७५३०७१४/- गरेको छ । पालिकाको कुल आन्तरिक आय कुल खर्चको ३.६१ प्रतिशत हुन आउँछ । खर्चको तुलनामा आन्तरिक आय न्यून रहेको देखिन्छ । अतः आन्तरिक आय वढाउन पालिकाले पहल गर्नु पर्दछ ।

२६.४ **स्वीकृती बेगरको सफ्टवेयर सञ्चालनः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ६२(३) अनुसार उपदफा (२) बमोजिम विकास गरिएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नुपर्ने भएमा तोकिए बमोजिम महालेखा नियन्त्रक कार्यालयको स्विकृति लिनुपर्ने व्यवस्था छ । तर पालिकाले महालेखा नियन्त्रक कार्यालयको स्वीकृती बेगर राजस्व संकलनको लागि सफ्टटेक कम्पनीको साङग्रिला नामको सूचना प्रणाली प्रयोग गरी यस वर्ष रु.१०९०००००/- मात्र राजस्व आम्दानी गरेको देखाएकोमा वास्तविक आय रु. १७५००१०४।३७ रहेको छ । स्वीकृती बेगरको त्यस्तो सफ्टवेयर प्रयोग गर्दा उक्त प्रणालीको सुरक्षा आन्तरिक आयको यथार्थता त्यसले तयार गर्ने प्रतिवेदनको विस्वसनीयता र सम्भाव्य जाखिम बारे समेत आश्वस्त हुन सक्ने अवस्था देखिएन । त्यसैले तोकिएको कानूनी व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

२६.५ **करको दायराः** आर्थिक वर्ष २०८०/०८१ सम्ममा सम्पत्ति र व्यवसाय कर तिर्ने करदाताको विवरण देहायनुसार रहेको छ।

| करको नाम | जम्मा करदाता | कर तिर्ने करदाता | कर तिर्ने करदाताको प्रतिशत | करको दायरामा नआएका करदाता | कर नतिर्ने करदाताको प्रतिशत |
|---|---|---|---|---|---|
| सम्पत्ति कर | ६६४० | ४६२१ | ६९.६ | २०१९ | ३०.७ |
| व्यवसाय कर | १३७८ | ६०० | ४३.५ | ७७८ | ५६.५ |

सम्पत्तिकर तर्फ ३०.४१ प्रतिशत व्यवसाय कर तर्फ ५६.४६ प्रतिशत करदाता करको दायराभन्दा बाहिर रहेको देखियो । अत: पालिका भित्र रहेका सम्पूर्ण करदातालाई करको दायरा क्षेत्र र करको दर समेतको विश्लेषण गरी पालिकाबाट प्रवाह हुने सेवासँग करदाताको प्रत्यक्ष सम्बन्ध स्थापित हुने गरी नीति तथा कार्यक्रम सञ्चालनमा ध्यान दिनुपर्दछ ।

२६.६ **कर संकलन:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५५ ५७ ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर घरजग्गा वहाल कर व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| आन्तरिक आय | २५०००००० | १७५३०७१४ | ७०.१२ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष अनुमानको तुलनामा ७०.१२ प्रतिशत मात्र आन्तरिक आय संकलन गरेको देखिन्छ । अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ ।

## २७ नगरपालिका पुँजीगत तर्फः

२७.१ (६१-२०८०-१०-२२):

**सि.सि.टिभि जडान तथा सञ्चालन:** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (छ) मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष पालिकाको वडा नम्ब-१ मा सिसि टिभि प्रणाली जडान गर्न र सिसि टिभि क्यामेरा, सिसि टिभि, स्टोरेज डिभाईस लगायत १६ प्रकारका मेशिनरी तथा ईक्युपमेन्ट खरिद गरेर Micro Computer Solve. Dhorpatan-1, Baglung (601635357) लाई रु.९७८१९७/- भुक्तानी गरेकोमा उक्त सामाग्रीहरु ईलाका प्रहरी कार्यालय बुर्तीबाङलाई बुझाएको जनाएकोमा सामाग्री बुझाएको/ हस्तान्तरण गरेको/सञ्चालन अनुमित दिएको छैन भने सिसि टिभि प्रणाली जडान गरेर सञ्चालनमा आएको अनुगमन प्रतिवेदन समेत पेश नगरेकोले सिसि टिभि प्रणाली जडान गरी सञ्चालनमा आएको सम्बन्धमा एकिन हुन सकिएन । यस्ता विद्युतीय यन्त्र उपकरणहरु खरिदमा वारेन्टीको प्रावधान समेत हुनेमा Micro Computer Solve. Dhorpatan-1, Baglung (601635357) सँग वारेन्टी सम्बन्धी व्यहोरा खुलाएर सम्झौता समेत नगरी पुरै रकम एकमुष्ट भुक्तानी दिएकोले वारेन्टी पाउन सक्ने अवधिमा कुनै खराबी आएमा सप्लायरले कुनै क्षतिपुर्ति नब्यहोर्ने र पालिकालाई नैं थप व्ययभार पर्ने देखिन्छ । अत: खरिद भएका सिसि टिभि प्रणालीका मेशिनरी तथा ईक्युपमेन्ट ईलाका प्रहरी कार्यालय बुर्तीबाङलाई सञ्चालनको लागी बुझाएको/सञ्चालन अनुमति दिएको, तथा सिसि टिभि प्रणाली जडान गरेर सञ्चालनमा आएको अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,७८,१९७ |

२७.२ **हस्तान्तरण र प्रतिवेदन:** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (छ) मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमावलीको नियम ३९ (१०) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न

भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । पालिकाले यो वर्ष सञ्चालन गरेका देहाय अनुसारका योजना तथा कार्यक्रमहरुमा बिल भर्पाई तथा कार्यसम्पन्न प्रतिवेदन पेश नगरी रु.८७७९१७/- भुक्तानी गरेको छ । सञ्चालित कार्यक्रमको प्रमाण कागजात तथा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| सि.नं. | भौचर नम्बर र मिति | सम्पादित योजनाको नाम | कामको विवरण | परिमाण | भुक्तानी भएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २१०-२०८१/०१/३० | पुर्कोट आमा समूह फर्निचर खरिद | फायल र्याक | १ थान | २२००० | आमा समूहलाई हस्तान्तरण गरेको र आमा समूहको जिन्सी खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने । |
| | | | कुर्सी | ४० थान | ५४००० | |
| | | | अफिस टेबल | १ थान | १२५०० | |
| २ | २२३-२०८१/०२/०५ | स्वास्थ्य संस्थाको लागी सामान खरिद | बर्थिङ्ग सेन्टर सर्जिकल सामान र यन्त्र उपकरण खरिद | ३६ प्रकारका ३५८६ थान | २९०३४७ | सम्बन्धित स्वास्थ्य संस्थालाई हस्तान्तरण गरेको र स्वास्थ्य संस्थाको जिन्सी खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने । |
| ३ | ३८३-२०८१/०३/२३ | वडा नम्बर १ बुर्तीबाङ बजारको लागी सडक बत्ती खरिद, जडान र मर्मत | सोलार बत्ती, सेन्सर र जडान सामाग्री खरिद | ५ प्रकारका २८० थान सोलार बत्ती | ४९९०७० | सडक बत्ती जडान भएर सञ्चालनमा आएको प्राविधिक र अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने । |
| | | | जम्मा | | ८७७९१७ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,७७,९१७ |

२७.३ (६२-२०८०-१०-२२):

**मिनिटिलरमा अनुदान:** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (छ) मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष पालिका भित्रका १५ जना कृषकहरुलाई मिनिटिर खरिदमा अनुदान उपलब्ध गराउन रु.७८००००/- मूल्यका १५ थान मिनि टिलर खरिद गरेको अस्मिता मेशिनरी एण्ड टुल्स सेन्टर, बुर्तिबाङ, बागलुङ (614595473) को बिजक पेश गरेर पालिकाले ५० प्रतिशत अनुदान रु.३९००००/- भुक्तानी दिएको छ । उक्त मिनिटिरमा अनुदान दिंदा कृषक छनौंट गर्न सार्वजनिक सूचना आव्हान गरेको जनाएकोमा अनुदान पाएका किसानहरुनैं छनौट गर्न पालिकाले निर्णय गरेको निर्णय प्रति पेश भएको छैन भने खरिद भएका १५ वटै मिनिटिलर किसानले प्राप्त गरेर कृषि कार्यमा उपयोग भएको अनुगमन प्रतिवेदन समेत पेश गरेको छैन । यसरी पालिकाको निर्णय बेगर अनुदान दिंदा र खरिद गरेको जनाईएको मिनि टिलर उपयोग भएको अनुगमन प्रतिवेदन समेत पेश नहुँदा लक्ष्यित किसानले नैं अनुदान प्राप्त गरेको र खरिद भएका मिनिटिलर किसानले कृषिकार्यमा उपयोग गरेको सम्बन्धमा विश्वस्त हुने आधार देखिएन । अत: किसान छनौट गरेको पालिकाको निर्णय र खरिद भएका मिनिटिलर किसानले कृषिकार्यमा उपयोग गरे नगरेको सम्बन्धमा अनुगमन गरेको अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,९०,००० |

२७.४ (५६-२०८०-१०-१६):

**मोटरसाईल खरिद र दर्ताः**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **९९५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२७.५ (५९-२०८०-१०-२१):

**ई-हाजिरी प्रणाली जडान र सञ्चालन:** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (छ) मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमावलीको नियम ३९ (१०) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले यो वर्ष पालिका भित्रका ११ वटा सामुदायिक माद्यामिक विद्यालयमा ई-हाजिरी प्रणाली जडान तथा सञ्चालन गरेको जनाई Micro Computer Solve. Dhorpatan-1, Baglung (601635357) लाई रु.५९३५००/- भुक्तानी गरेको छ । यसरी जडान भएको जनाएको ११ वटै ई-हाजिरी मेशिन जडान गरी सर्भरसँग आबद्ध गरेर सञ्चालनमा ल्याएको अनुगमन प्रतिवेदन पेश गरेको छैन भने खरिद भएको मेशिनको वारेण्टी अबधि समेत नराखी पुरै रकम भुक्तानी दिएको छ । खरिद भएका ई-हाजिरी मेशिन सम्बन्धित विद्यालयको जिन्सी खातामा दाखिला गरेको प्रमाण समेत पेश गरेको छैन । अत: खरिद भएको ११ वटै ई-हाजिरी मेशिन जडान गरी सर्भरसँग आबद्ध गरेर सञ्चालनमा ल्याएको अनुगमन प्रतिवेदन, खरिद भएको मेशिनको वारेण्टीको कागजात र खरिद भएका ई-हाजिरी मेशिन सम्बन्धित विद्यालयको जिन्सी खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| सि.नं. | भौचार नम्बर र मिति | सामानको नाम | रकम |
|---|---|---|---|
| 1 | ५९-२०८०/१०/२१ | e-Aattendance Machine (ZKT K-40 Pro)-11 Pieces | २६७६९९ |
| 2 | ,, | Server Software-1 | ७२५६६ |
| 3 | ,, | Client Software-11 Packs | १८४९५५ |
| | | जम्मा | ५२५२२१ |
| | | मूल्य अभिबृद्धि कर | ६८२७९ |
| | | कुल जम्मा | ५९३५०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,९३,५०० |

२७.६ (१७५-२०८१-१-११):

**विद्युतीय स्वास्थ्य सूचना रेकर्डिङ्ग प्रणाली सञ्चालनः** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (छ) मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमावलीको नियम ३९ (१०) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । पालिकाले यो वर्ष ११ वटा स्वास्थ्य चौकीमा विद्युतीय स्वास्थ्य सूचना रेकर्डिङ्ग प्रणाली सञ्चालन गरे वापत Code Fusion Technologies Pvt.Ltd. लाई रु.१११५०१/- भुक्तानी गरेकोमा संझौताको सर्त अनुसार युजर म्यान्युअल तयार गरी उपलब्ध गराउनु पर्नेमा उपलब्ध नगराएको, जि-क्लाउडमा होस्टिङ्ग गर्नुपर्नेमा सो गरेको प्रतिवेदन पेश नगरेको साथै यस पालिका भित्रका १० वटा स्वास्थ्य संस्थाका महत्वपूर्ण तथ्याङ्क (डाटा) कहाँ भण्डारण हुने र तथ्याङ्क सुरक्षाको अबस्था के हुने भन्ने सम्बन्धमा कुनै व्यहोरा खुलाएको छैन । पालिकाले संझौताका सवै सर्त पुरा गरेर मात्र भुक्तानी गर्नुपर्दछ भने सूचना प्रविधि प्रणाली सञ्चालन गर्दा महत्वपूर्ण

तथ्याङ्क (डाटा) को भण्डारण र तथ्याङ्क सुरक्षाको सुनिश्चित गरेर मात्र खर्च लेख्नुपर्दछ । यसरी संझौताका सबै सर्तहरु पुरा नगरी र ११ वटा स्वास्थ्य संस्थाका महत्वपूर्ण तथ्याङ्क (डाटा) भण्डारण र तथ्याङ्क सुरक्षाको सुनिश्चित नगरी खर्च लेखेको रु.१११५०१/- अनियमित देखिएको रु.....

| | |
|---|---|
| अनियमित भएको | ११,१५० |

२७.७ (६-२०८१-३-२३):

**डि.पि.आर.प्रतिवेदन**: आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अधि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरेर खर्च लेख्न सुनिश्चत भएर मात्र भुक्तानी दिनुपर्ने ब्यबस्था रहेको छ । पालिकाले यो वर्ष देहाय अनुसारको डिपिआर प्रतिवेदन तयार गरेको जनाई देहाय अनुसारका परामर्शदातालाई लाई रु.११६१३१२/- भुक्तानी दिएको छ । उक्त परामर्शदाता कम्पनीसँग भएको संझौतामा Feasibility Study Report, Draft Report र Final Report तयार गरेर पेश भएपछि मात्र भुक्तानी गर्नुपर्ने सर्त रहेकोमा तोकिए अनुसारका प्रतिवेदनहरु पेश गरेर जिन्सी दाखिला गरेको छैन । अत: संझौताका सर्त अनुसार तोकिए अनुसारका प्रतिवेदनहरु लिएर पालिकाको जिन्सी खातामा प्रविष्टि गरेको प्रमाण पेश गर्नुपर्ने रु...

| सि.नं. | भौचार नम्बर र मिति | कामको विवरण | भुक्तानी रकम | परामर्शदाता |
|---|---|---|---|---|
| 1 | ६-२०८०/०३/२३ | Startup Plan for Sustainable Dhorpatan Valley | १९४५९७ | Khanal Engineering Solution Pvt.Ltd. (610449732) |
| 2 | ६-२०८०/०३/२३ | Detailed Engineering Survey, Detailed Design | ९६६७१५ | Galaxy Engineering Trade Link Pvt. Ltd., Bhaktapur |
| | | जम्मा | ११६१३१२ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,६१,३१२ |

२७.८ **कुल लागत अनुमानः** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (छ) मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमावलीको नियम ३९ (१०) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अधि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । पालिकाले यो वर्ष उपभोक्ता समिति, नेवा (Nepal Water for Health Others, NEWA) सहयोग र पालिकाको त्रिपक्षीय संझौता अनुसार त्रिपक्षीय योगदानमा सञ्चालन हुने देहाय अनुसारका खानेपानी योजनाको देहाय अनुसारको कार्यसम्पन्न भएको जनाई पालिकाको योगदान रु.९३८१९८/- भुक्तानी गरेकोमा योजनाको कुल लागत अनुमान भन्दा कमको कार्यसम्पन्न पेश गरेतापनि पालिकाले भुक्तानी दिनुपर्ने अनुपातको पुरै रकम भुक्तानी दिएको छ । अत: योजनाको लागत अनुमान बराबरको पुरै कार्य सम्पन्न नैं नभई पालिकाको योगदान बराबरको पुरै रकम भुक्तानी दिन नमिल्ने देखिंदा बढी भुक्तानी भएको रकम रु.६८४५००/- असुल गर्नुपर्ने रु..

| सि. नं. | भौचर नम्बर र मिति | योजनाको नाम | उपभोक्ता समितिको योगदान | पालिकाको योगदान | NEWA को योगदान | योजनाको जम्मा लागत | कार्यसम्पन्न पेश भएको रकम | भुक्तानी दिनुपर्ने रकम | भुक्तानी दिएको रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३१-२०८०/०८/०७ | उपल्लो घोसा खानेपानी योजना उ.स. | ७७८८५२ | ५३७३६८ | १४१६०१४ | २७३२२३४ | ६४२२८७ | १२६३२३ | ५१४९२३ | ३८८५९९ |
| २ | ३२-२०८०/०८/०७ | मस्ती खानेपानी योजना उ.स. | २२५९९४ | ४२७००२ | १४७०७०८ | २१२३७०४ | ६३३४९५ | १२७३७३ | ४२३२७५ | २९५९०१ |
| | | जम्मा | १००४८४६ | ९६४३७० | २८८६७२२ | ४८५५९३८ | १२७५७८२ | २५३६९६ | ९३८१९ | ६८४५०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,८४,५०० |

२७.९ (१२०-२०८०-११-२४):

**एच.डि.पि.ई. पाईप खरिद र जडानः** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (छ) मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । सोही नियमावलीको नियम ९९ (५) मा कार्यालयले आवश्यकता भन्दा बढी हुने सम्पती तथा जिन्सी मालसामान खरिद गर्नु गराउनु हुँदैन भन्ने ब्यबस्था रहेको छ । त्यसैगरी सोही नियमावलीको नियम १०५ मा कुनै नगद, जिन्सी वा सरकारी कागजात हस्तान्तरण गर्दा कार्यालय प्रमुख वा निजले तोकेको अधिकारीको लिखित आदेश भएपछि महालेखापरीक्षकबाट स्वीकृत ढाँचाको हस्तान्तरण फारम भरेरमात्र हस्तान्तरण गर्नुपर्दछ भन्ने ब्यबस्था रहेको छ । कार्यालयले यो वर्ष विभिन्न खानेपानी योजना र उपभोक्ता समितिलाई वितरण गर्ने जनाई विभिन्न ४ साईजका ५२०० मिटर एच.डि.पि.ई पाईप खरिद गरेर रु.३९३५८४/- खर्च लेखेकोमा खरिद भएको पाईप उपभोक्ता समिति वा खानेपानी योजनालाई हस्तान्तरण गरेको भर्पाई र जडान भएको प्रतिवेदन पेश गरेको छैन । यसरी खरिद भएको पाईप हस्तान्तरण र जडान नगर्नाले आवश्यकता नैं नभएको कार्यमा सरकारी रकम खर्च भएको देखियो भने खरिद भएको पाईप खरिद दुरुपयोग समेत हुन सक्ने देखिंदा पालिकाले खरिद भएको एच.डि.पि.ई पाईप लक्षित क्षेत्रमा उपयोग हुने व्यवस्था गर्नुपर्दछ । अत: खरिद भएको एच.डि.पि.ई पाईप हस्तान्तर र जडान भएको प्राविधिक प्रतिवेदन पेश गर्नुपर्ने रु..

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,९३,५८४ |

२७.१०(६९-२०८०-१०-२५):

**भिडियो एक्सरे मेशिन खरिद र हस्तान्तरणः** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (छ) मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । सोही नियमावलीको नियम ९९ (५) मा कार्यालयले आवश्यकता भन्दा बढी हुने सम्पती तथा जिन्सी मालसामान खरिद गर्नु गराउनु हुँदैन भन्ने ब्यबस्था रहेको छ । त्यसैगरी सोही नियमावलीको नियम १०५ मा कुनै नगद, जिन्सी वा सरकारी कागजात हस्तान्तरण गर्दा कार्यालय प्रमुख वा निजले तोकेको अधिकारीको लिखित आदेश भएपछि महालेखापरीक्षकबाट स्वीकृत ढाँचाको हस्तान्तरण फारम भररमात्र हस्तान्तरण गर्नुपर्दछ भन्ने ब्यबस्था रहेको छ । कार्यालयले यो वर्ष वोवाङ स्वास्थ्य चौकीका लागी भिडियो एक्सरे मेशिन खरिद गरेको जनाई रु.४९५६००/- खर्च लेखेकोमा वोवाङ स्वास्थ्य चौकीलाई हस्तान्तरण गरेको छैन भने खरिद भएको मेशिन जडान भएर सञ्चालनमा आएको प्राविधिक

प्रतिवेदन समेत पेश गरेको छैन । अत: खरिद भएको भिडियो एक्सरे मेशिन हस्तान्तरण गरेर वोवाङ स्वास्थ्य चौकीको जिन्सी खातामा आम्दानी बाँधेको दाखिला प्रतिवेदन र मेशिन जडान भएर सञ्चालनमा आएको प्राविधिक प्रतिवेदन पेश गर्नुपर्ने रु..

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९५,६०० |

२८ **पुँजीगत तर्फः**

२८.१ **बढी भुक्तानी:** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (छ) मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमावलीको नियम ३९ (१०) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । पालिकाले प्रशासकीय भवनको पहिलो ३ तल्ला उपभोक्ता समिति मार्फत निर्माण गर्न मिति २०७८/०८/१५ मा रु.९७९९६६६/- संझौता गरि मिति २०७९/०३/२३ मा कार्य सम्पन्न गरेको छ । सोही भवनको थप २१२ तला ठेक्का प्रक्रियाबाट निर्माण गर्न ढोरपाटन निर्माण सेवासँग मिति २०७९/११/२१ मा रु.८३९९५३६/८५ (भेरिएस अर्डरबाट मूल्य थप भएको सहित) मा संझौता गरेकोमा पहिलो रनिङ्ग बिल भौ.नं.१७९ मिति २०८०/०२/१८ बाट रु.२७५९१९४/- र अन्तिम बिल भौ.नं.१७९ मिति २०८१/०६/२४ बाट रु.५६६०३४२/- गरी जम्मा रु.८४१९५३६/- भुक्तानी दिएकोले बढी भुक्तानी भएको रु.२००००/- र कुनै बिल बिजक बेगर PS Item: Electrical Works वापतको रु.२००००/- र सो को मुअकर रु.२६००/- सहित जम्मा रु.४२६००/- बढी भुक्तानी भएको ढोरपाटन निर्माण सेवासँग असूल गर्नुपर्ने रु..

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४२,६०० |

२८.२ (३१७-२०८१-३-१३):

**प्राङ्गारिक मल व्यवस्थापनको लागी भवन निर्माणः** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (छ) मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमावलीको नियम ३९ (१०) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । पालिकाले यो वर्ष वडा नम्बर-९ मा प्राङ्गरिक मल व्यवस्थापनको लागी भवन निर्माण शिर्षकमा रु.३८२३८५/- खर्च लेखेकोमा बाख्राको खोर बनाएको फोटो संलग्न गरेको छ । उक्त बाख्राको खोर कसको जग्गामा निर्माण भएको र बनाईएको खोरमा कस्ले बाख्रा पाल्ने सो जनाएको छैन भने तयार भएको घर/खोर कुनै संस्था/समूह/समिति/व्यक्तिलाई हस्तान्तरण नगरेको र निर्माण गर्दा कसैसँग संझौता तथा लागत सहभागिता समेत नगरी भवन निर्माण गर्ने ढुँगा काठ लगायतका निर्माण सामाग्री खरिद गरेको बिल भर्पाई मात्र पेश गरेर खर्च लेखेको छ । यसरी तयार गरिएको भवनबाट के कसरी प्राङ्गरिक मल व्यवस्थापन हुने र कसलाई लाभ हुने सम्बन्धमा कुनै व्यहोरा नखुलाई खर्च लेखेको अनियमित देखिएको रु..

| | |
|---|---|
| अनियमित भएको | ३,८२,३८५ |

२८.३ (४२०,४६२-२०८१-३-२०):

**ढुङ्गा खरिद:** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (छ) मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमावलीको नियम ३९ (१०) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा

नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । यस पालिकाले यो वर्ष पालिकाको वडा नम्बर-४ मा The Rivertraining Works at Phalamkhani Village कार्य गर्न ठेक्का नम्बर DM/NCB/2080/2081-05 बाट ठेकेदार Rudrawati Builders and Suppliers, Gulmi (610431269) सँग मिति मिति २०८१/०३/२० मा कार्य सम्पन्न गर्नुपर्ने गरी मिति २०८१/०१/१४ मा मु.अ.कर सहित रु.३५३०८८५/- को संझौता गरेर रु.३४६८५००/- भुक्तानी गरेकोमा उक्त ठेक्काको मूख्य काम वाल र ढुँगाको ग्याबिन बक्स लगाएर नदी नियन्त्रण गर्ने रहेकोले सो कार्य गर्न आवश्यक पर्ने ढुङ्गा नदीमा नैं उपलब्ध हुने हुँदा लागत अनुमान तयार गर्दा ढुङ्गा संकलनको दर राख्नुपर्नेमा ढुङ्गा खरिदको वागलुङ जिल्लाको दर रेट अनुसार प्रति घनमिटर रु.१५६०/- का दरले २३२ घन मिटरको रु.३७१९२०/- लागत राखेकोले खोलामै उपलब्ध हुने ढुङ्गा संकलनको मात्र दर राख्नु पर्नेमा खरिदको दर राखेको आधार पेश गर्नुप रु..

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,७१,९२० |

२८.४ (४२०,४६२-२०८१-३-२):

**बढी भुक्तानी:**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **९,८८२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२८.५ (३९७-२०८१-३-२४):

**फलफूल विरुवाको नर्सरी स्थापनाः** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (छ) मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमावलीको नियम ३९ (१०) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । पालिकाले यो वर्ष ५० प्रतिशत अनुदानमा फलफूल विरुवाको नर्सरी स्थापना कार्यक्रम अन्तर्गत २ वटा प्लास्टिक टनेल निर्माण गरेको जनाई दिल कृषि तथा पशुपञ्छी फर्मका सञ्चालक दिल बहादुर कुमाललाई पालिकाको ५० प्रतिशत अनुदान रु.१२४०००/- भुक्तानी दिएकोमा १०० प्रतशित कार्यसम्पन्न (२ वटा टनेल निर्माण) हुनेपर्नेमा १ वटा मात्र टनेल निर्माण गरेको रु.१३२१०५/- को मात्र कार्य सम्पन्न पेश गरेको छ । पालिकाले मिति २०८०/१०/२५ को प्रकाशित सूचना अनुसार ५० प्रतिशत अनुदानमा फलफूल विरुवाको नर्सरी स्थापना कार्यक्रमको सुविधा प्राप्त गर्नका लागि किसानसँग जगाको क्षेत्रफल २५० वर्ग मिटर हुनुपर्ने, जग्गा आफ्नो वा लिजमा लिएको हुनुपर्ने, जग्गाधनी पूर्जा अनिवार्य पेश गर्नुपर्ने र किसानले ५० प्रतिशत अनुदान व्यहोर्न सक्षम हुनुपर्ने सर्तहरु रहेकोमा सर्तहरु पुराहुने कुनैपनि प्रमाण कागजात पेश गरेको छैन । अत: तोकिएका सर्त अनुसारका कुनैपनि कागजात पेश नगरेको र १०० प्रतिशत कार्यसम्पन्न नैं नभई पालिकाले दिनुपर्ने ५० प्रतिशत अनुदान पुरै भुक्तानी गरेको अनियमित देखिएको रु..

| | |
|---|---|
| अनियमित भएको | १,२४,००० |

२८.६ **गत वर्षको खर्चको यो वर्ष भुक्तानी:** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ (२.क) मा अधिकार प्राप्त अधिकारीले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शिर्षकमा परेको र खर्च गर्न बाँकी रहेको अबस्थामा मात्र बजेट खर्च गर्न वा बजेट निकासा दिनु पर्ने व्यवस्था रहेको छ । यस पालिकाले गत वर्षको योजना/कार्यक्रमहरुको भुक्तानी दिन बाँकी रहेको जनाई भुक्तानी दिन बाँकीको विवरण पालिका बाट प्रमाणित गराई राखेर यो वर्ष रु.१३४५५१३१/- भुक्तानी दिएको छ र यस्ता योजना/कार्यक्रमहरु वहुवर्षिय पुर्वाधार निर्माणका योजना नभई अल्पकालिन टुक्रे योजना तथा चालु प्रकृतिका खर्च समेत रहेको पाईएको छ । यसरी यस वर्षको वजेटबाट विगत वर्षको भुक्तानी गर्दा चालु वर्षको कार्यक्रम सञ्चालनमा बजेट अभाव हुने र नियमित कार्य

सञ्चालनमा समेत असर पर्ने देखिन्छ । कार्यालयले चालु वर्षमैं सम्पादन हुने र चालु वर्षको बजेटबाट भुक्तानी दिन सकिने योजना तथा कार्यक्रम मात्र तयार गर्नुपर्दछ साथै चालु वर्षका योजना तथा कार्यक्रम चालु वर्षको बजेट बाटै भुक्तानी गरेर आगामी वर्षको बजेटमा व्ययभार पर्नेगरी दायित्व सिर्जना गर्नुहुँदैन ।

२९ **ढोरपाटन नगरपालिकाको प्रशासकीय भवन निर्माण:**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (छ) मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमावलीको नियम ३९ (१०) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । पालिकाले प्रशासकीय भवनको पहिलो ३ तल्ला उपभोक्ता समिति मार्फत निर्माण गर्न मिति २०७८/०८/१५ मा रु.९७९९६६६/- को संझौता गरि मिति २०७९/०३/२३ मा कार्य सम्पन्न गरेको छ । सोही भवनको थप २.५ तला ठेक्का प्रक्रियाबाट निर्माण गर्न ढोरपाटन निर्माण सेवासँग मिति २०७९/११/२१ मा रु.८३९९५३६/८५ को सम्झौता गरी मिति २०८०/०३/२४ मा कार्यसम्पन्न गरेको छ । सोही भवनको Construction and Finishing of Dhorpatan Municipality Office Building (रङ्गरोगन, विद्युत, सेनिटरी लगायतका) कार्य गर्न अमित ईन्फ्रा बिल्डर्स प्रा.लि. हेटौंडा (610390676) सँग मिति २०८१/०६/२९ मा कार्य सम्पन्न गर्ने गरि मिति २०८०/१२/०९ मा रु.२३५१४९८९/- (भेरिएस अर्डरबाट मूल्य थप भएको सहित) को संझौता गरेकोमा उक्त भवनको डिपिआर तयार नगरी एउटै भवनको काम खण्ड-खण्ड गरेर उपभोक्ता समिति र ठेकेदार मार्फत निर्माण गरेको छ । उक्त भवन निर्माण कार्यको एकमुष्ट विमा नगरेका कारण सम्भावित जोखिमको क्षतिपुर्ती हुने अबस्था देखिंदैन भने प्रयोग भएका सिमेन्ट छड लगायतका निर्माण सामाग्रीहरुको गुणस्तर परीक्षणको व्यवस्था नरहेकोले निर्माण भएको भवनको गुणस्तर सम्बन्धमा आश्वस्त हुने आधार देखिएन । भवन निर्माण शुरु गर्नुपुर्व ५.५ तलाको डिपिआर तयार नगरी शुरु ३ तल्लाको कार्य सम्पन्न भैसकेपछि पुन: २.५ तला थप गरेर कार्य सम्पन्न गरेको र भवनको फिनिसिङ्ग, रङ्गरोगन, विद्युत, सेनिटरी लगायतका कार्य गर्न थप ठेक्का लगाएकोले भवनको जग र टाईबिमको काम ३ तलाको लागी मात्र तयार गरेको तर पछि कुनै प्राविधिक पुष्टयाईं बेगर २.५ तला थप गर्दा भवनको जग, पिलर तथा बिमको भारबहन क्षमताले धान्न सक्ने नसक्ने सम्बन्धमा पालिकाले एकिन गर्नुपर्दछ । साथै एउटै भवनको निर्माण गर्न कामलाई खण्डीकरण गरि उपभोक्ता समिति र पटक पटक ठेक्काबाट कार्य गर्दा गराउँदा लागत बढी पर्ने र समय समेत बढी लाग्ने देखिएकोले भवनको संरचनाको अबस्था सम्बन्धमा प्राविधिक पुष्टयाईं लिएर लागत मित्तव्ययी हुनेगरी समयमै कार्य सम्पन्न गरेर भवन प्रयोगमा ल्याउने तर्फ नगरपालिकाको ध्यान जानु पर्ने देखिन्छ ।

३० **कन्टिन्जेन्सी खर्च:**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ । कार्यालयले कन्टिन्जेन्सी खर्च रु.४४०५३००/- कन्टीन्जेन्सी खर्च गरेको छ:

• सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन । योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ ।

• महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको आर्थिक संकेत तथा वर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा वर्गीकरण अनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरू जस्तै मर्मत संभार स्टेशनरी छपाई सूचना प्रकाशन इन्धन दैनिक भत्ता जस्ता कार्यमा समेत सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ । जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिदैन् ।

• कन्टेन्जेन्सी रकमको सीमा सबै निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था गरेको छ । वर्क चार्ट स्टाफ खर्च र र सानातिना अन्य खर्चका प्रकृतिका

आधारमा निश्चित रकमको लागत अनुमान तयार गर्दा मात्र उक्त प्रतिशत कायम गरी बढी मुल्यको लागत अनुमान तयार गर्दा यस्तो प्रतिशतमा पुनरावलोकन गर्नु पर्दछ ।

• कन्टिन्जेन्सी रकमवाट विविध कार्यालय मालसामान इन्धन लगायतका चालू खर्च शीर्षकका खर्चहरू समेतलाई पुँजीगत बजेट शीर्षक तर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे बमोजिम अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको एकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : ढोरपाटन नगरपालिका, बागलुङ , ढोरपाटन नगरपालिका , बाग्लुङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | बिष्णु प्रसाद ज्ञवाली | २०७९-६-५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | पर्तिक घर्ति मगर | २०८०-१-२४ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,०२३,९३६ | १५,४०७,८३५ | १०,१३५,९०९ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २६,५६७,६८० |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १,१४५,१४४ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २५,४२२,५३६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | २७७०५८४६ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३३५८२२५४० | चालु खर्च | ३६७६७४८१८ |
| प्रदेश सरकारबाट अनुदान | १४२५१७४७ | पूँजीगत खर्च | ११७७१६१८५ |
| राजश्व बाँडफाँट | ९६२३६५१८ | वित्तीय/अन्य व्यवस्था | १३६३८०१०२ |
| आन्तरिक आय | २१३०९६७६ | | |
| अन्य आय | १३८८९१८९८ | | |
| कुल आय | ६०६५१२३७९ | कुल खर्च | ६२१७७११०५ |
| बाँकी मौज्दात | | १२४४७१२० | |

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस पालिकाले कानून तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछ:

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण, स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति कानून बमोजिम गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्था समेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुनु पर्दछ। यस्तो अनुदानबाट व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा पुँजीगत निर्माण गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौतामा निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरेर सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।

- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ।

- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदातामाथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।

- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ।

- सेवा प्रवाहको प्रभावकारिताका लागि नागरिक सचेतना अभिवृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ ।